*सरकार सञ्चालनको एक वर्ष*

# सङ्घीयता, सुशासन र समृद्धिको आधार वर्ष

## नेपाल सरकार

फागुन २०७५

**"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य प्राप्त गर्ने प्रष्ट मार्गचित्रका साथ २०७४ फागुन ३ गते गठन भएको वर्तमान सरकारले आफ्नो कार्यकालको एक वर्ष पूरा गरेको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन एवं सुदृढिकरण तथा सुशासन र विकासका लागि तत्कालीन र दीर्घकालीन दुवै अर्थमा पर्याप्त आधार तयार भएको यस अवधिमा प्राप्त भएका मुख्य उपलब्धिहरूलाई समेटी सबैको जानकारीका लागि प्रस्तुत गरिएको छ ।

## विषयसूची

पेज नं.


१. सङ्घीयता कार्यान्वयनमार्फत् सहभागितामूलक शासन प्रणालीको अभ्यास ........ १

२. सङ्घीयता अनुरूपको कानुनी व्यवस्था ........ ४

३. छिमेक सम्बन्ध र परराष्ट्र नीति ........ ५

४. समग्र अर्थव्यवस्था ........ ७

५. लगानीका लागि उपयुक्त वातावरणको निर्माण ........ १६

६. कृषि, वन तथा वातावरण ........ २०

७. महत्त्वपूर्ण भौतिक पूर्वाधार निर्माण ........ २४

८. श्रम सम्बन्ध, रोजगारी सिर्जना र सामाजिक सुरक्षा ........ ३३

९. भ्रष्टाचार नियन्त्रण, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन ........ ३४

१०. सञ्चार र सूचना प्रविधिको विकास र विस्तार ........ ३८

११. सामाजिक विकास ........ ४१

१२. योजना र विकास ........ ४५

अनुसूची ........ ४६

## १. सङ्घीयता कार्यान्वयनमार्फत् सहभागितामूलक शासन प्रणालीको अभ्यास

सरकारले सर्वोपरि प्राथमिकता र सर्वाधिक महत्त्वका साथ सङ्घीय शासन प्रणालीको कार्यान्वयनलाई दृढतापूर्वक अगाडि बढाएको छ। प्रदेश र स्थानीय तहमा अधिकार, स्रोत र साधन सुनिश्चित गर्न, प्रदेश र स्थानीय तहको भूमिका बढाउन र समावेशी समानुपातिक राज्य प्रणाली स्थापित गर्न सरकारले बलियो आधार निर्माण गरेको छ। सङ्घीय वित्त नीतिको तर्जुमा, आर्थिक अधिकारको प्रयोग, वित्तीय स्रोतको हस्तान्तरण र राजस्व बाँडफाँट भई वित्तीय सङ्घीयता कार्यान्वयनमा आएको छ। सङ्घ, प्रदेश र स्थानीय तहका संगठन संरचना निर्माण भएका छन्। तीनै तहमा जनशक्तिको परिचालन भइसकेको छ। सङ्घ, प्रदेश र स्थानीय तहमा सुशासन, विकास र समृद्धिको आधार निर्माण भएको छ।

**राजनीतिक समन्वय**

- सङ्घ, प्रदेश र स्थानीय तहबाट संविधानप्रदत्त व्यवस्थापिकीय, कार्यपालिकीय र न्यायिक अधिकारको अभ्यास सुरु भएको छ।
- सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीमा रहेका अधिकार क्षेत्रलाई स्पष्टता दिने कानुनहरू तर्जुमा भइरहेका छन्।
- अन्तर प्रदेश परिषद् क्रियाशील छ। परिषद्को बैठकले बृहत् गृहकार्यपश्चात् सङ्घीयता कार्यान्वयन सहजीकरण कार्ययोजना, २०७५ स्वीकृत गरेको छ। उक्त कार्ययोजनाको कार्यान्वयनबाट प्रदेशको कार्यसञ्चालन सहज बन्दै गएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थापित अन्तर प्रदेश परिषद्को सचिवालयले सातवटै प्रदेश सरकारहरूसँग समन्वय गरिरहेको छ।
- प्रधानमन्त्रीबाट प्रदेश नं.१, प्रदेश नं. २, प्रदेश नं. ३, गण्डकी प्रदेश र प्रदेश नं. ५ का प्रदेश सभालाई सम्बोधन भएको छ।
- प्रधानमन्त्रीको तहबाट प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरू, प्रदेश सभाका सभामुखहरू तथा प्रदेश सभा सदस्यहरूसँग नियमित रूपमा जानकारी आदानप्रदान, विषयवस्तुमा छलफल र निष्कर्षबाट पारस्परिक समझदारीको विकास भई भावी राष्ट्रिय कार्यदिशामा समान धारणा बनेको छ।
- नेपाल सरकारका अर्थमन्त्री, प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री र स्थानीय तहका प्रतिनिधि रहेको अन्तर सरकारी वित्त परिषद्को बैठक सम्पन्न भएको छ। बैठकको निर्णयबाट अन्तर सरकारी वित्त व्यवस्थापन, वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँट, राजस्व अधिकारको प्रयोग तथा कार्यक्रम/आयोजनाको हस्तान्तरण र कार्यान्वयन प्रभावकारी बन्दै गएको छ।

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रदेश मन्त्रिपरिषद् बैठक सञ्चालनको क्षमता विकासमा सहयोग र सहजीकरण गरिएको छ।
- सङ्घीय संसद र प्रदेश सभाका बीचमा छलफल र अन्तरक्रिया भई प्रदेशसभा सञ्चालनमा सहयोग पुगेको छ।
- प्रदेशहरूमा प्रदेश समन्वय परिषद्का बैठक सम्पन्न भएका छन्। प्रदेश र स्थानीय तहबीच अधिकार प्रयोगमा स्पष्टता आएको छ । आपसी समझदारी विकास भएको छ । विकास रणनीति, कार्यजिम्मेवारी र कार्यान्वयनमा सहजता आएको छ।

**प्रदेश तथा स्थानीय तहका लागि नमुना कानुन निर्माण**

- प्रदेश तथा स्थानीय तहका अधिकारको सूचीमा रहेका कार्य जिम्मेवारी पूरा गर्न प्रदेश तहका लागि १७ र स्थानीय तहका लागि १७ कानुन र आवश्यक कार्यविधि/मार्गदर्शन/ निर्देशिकाहरूको नमुना तयार गरी पठाइएको छ।

**स्थानीय तहको क्षमता विकास**

- स्थानीय तहको क्षमता विकासका लागि तालिम प्याकेज र निर्देशिका तयार गरिएको छ।
- योजना तथा बजेट, एकीकृत सम्पत्ति कर, न्यायिक समितिको कार्यसञ्चालन, खरिद तथा सार्वजनिक वित्त व्यवस्थापनका विभिन्न ५ विषयमा स्थानीय तहका ५१ हजार ४ सय ६५ पदाधिकारी र कर्मचारीहरूलाई तालिम प्रदान गरिएको छ।

**वित्तीय सङ्घीयता कार्यान्वयन**

- मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्कको १५/१५ प्रतिशत प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने गरी राजस्व बाँडफाँटको विस्तृत आधार र ढाँचा निर्धारण गरिएको छ। प्रदेश र स्थानीय तहले प्रत्येक महिनाको १५ गतेभित्र राजस्व बाँडफाँटबापतको रकम प्राप्त गर्ने व्यवस्था मिलाइएको छ।
- प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा सूचक निर्माण गरी सङ्घीय सञ्चित कोषबाट प्रदेश र स्थानीय तहमा वित्तीय समानीकरण अनुदान उपलब्ध गराइएको छ।
- नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहलाई हस्तान्तरण गर्ने सशर्त अनुदानका आधारहरू तयार गरी प्रदेश र स्थानीय तहमा आर्थिक वर्ष २०७५/७६ मा कार्यक्रम/ आयोजनाहरू कार्यान्वयनका लागि हस्तान्तरण गरिएको छ।
- प्रदेश र स्थानीय तहलाई समपूरक अनुदान र विशेष अनुदान उपलब्ध गराउनेसम्बन्धी कार्यविधि स्वीकृत भई बजेट व्यवस्था गरिएको रु. २० अर्ब बजेट सम्बन्धित प्रदेश र स्थानीय तहको माग र स्रोत सीमाका आधारमा निकासा गरिएको छ ।

- प्रदेश र स्थानीय तहको घाटा बजेट व्यवस्थापन गर्न आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण परिचालन गर्न सक्ने गरी सीमा निर्धारण गरिएको छ।
- प्रदेश र स्थानीय तहका सञ्चित कोषहरू तथा सङ्घ, प्रदेश र स्थानीय तहका राजस्व बाँडफाँटका विभाज्य कोषहरू सञ्चालनमा आएका छन्।
- सङ्घका विषयगत मन्त्रालयहरूबाट प्रदेशमार्फत् खर्च गर्ने गरी अख्तियारी दिइएका कार्यक्रम/आयोजनाहरूको भौतिक र वित्तीय प्रतिवेदन सङ्घका विषयगत मन्त्रालयमा गर्ने र प्रदेश मन्त्रालयहरूबाट सङ्घका कार्यालयहरूमार्फत् खर्च गर्ने गरी अख्तियारी दिइएका कार्यक्रम/आयोजनाहरूको भौतिक र वित्तीय प्रतिवेदन प्रदेश मन्त्रालयमा गर्ने गरी सार्वजनिक खर्च व्यवस्थापनलाई सहज बनाउने प्रबन्ध मिलाइएको छ।
- प्रादेशिक सार्वजनिक खरिद प्रणालीलाई सुदृढ बनाउन सबै प्रदेशमा प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना भइसकेको छ। सङ्घको लेखा र वित्तीय प्रतिवेदन प्रणालीसँग सामञ्जस्यता हुने गरी प्रदेश सरकारको खर्च प्रणालीलाई व्यवस्थित र एकीकृत गर्न एकल खाता कोषको अवधारणा अनुरूपका लेखाङ्कन गर्ने प्रणाली विकास गरिएको छ।
- सङ्घ, प्रदेश र स्थानीय तहका बीच करको क्षेत्राधिकार र व्यवस्थापनलाई स्पष्ट गर्ने गरी तयार पारिएको कार्ययोजना कार्यान्वयनमा ल्याइएको छ। प्रदेश र स्थानीय तहमा देखिएका करसम्बन्धी द्विविधा निरूपण भएको छ।
- सङ्घ, प्रदेश र स्थानीय तहको आर्थिक वर्ष २०७४/७५ को सञ्चित कोषहरूको एकीकृत वित्तीय विवरण तयार गरी सार्वजनिक गरिएको छ।
- सङ्घ र प्रदेश सरकारको राजस्वको कारोबार समेटी एकीकृत आर्थिक सङ्केत, वर्गीकरण तथा व्याख्या अनुरूप राजस्व व्यवस्थापन सूचना प्रणाली तयार गरी लागु गरिएको छ।

**संगठन निर्माण र कर्मचारी व्यवस्थापन**

- सङ्घ, प्रदेश र स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भएको छ। सङ्घमा २२ मन्त्रालय, १२ संवैधानिक निकाय, ५४ विभाग र विभागस्तरका कार्यालयहरू, ४ अन्य आयोग/सचिवालय र १ हजार ८१ कार्यालय कायम गरिएको छ। प्रदेशस्तरमा ७/७ मन्त्रालय, १/१ प्रदेश सभा सचिवालय, १/१ प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, ६३ निर्देशनालयहरू र ७ सय १७ डिभिजन/अन्य कार्यालयहरू कायम गरिएको छ। स्थानीय तहलाई ७ प्रकारमा वर्गीकरण गरी ७ सय ५३ स्थानीय तहको संगठन संरचना स्वीकृत गरिएको छ। गाउँपालिका र नगरपालिकाअन्तर्गत रहने गरी ७ सय ५३ कृषि तथा पशु सेवा केन्द्र, ४ हजार १७ प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी, ३ सय ८ आयुर्वेद औषधालयको संगठन संरचना तथा दरबन्दी स्वीकृत भएको छ।

- सङ्घमा कुल ४७ हजार ९ सय २०, प्रदेशमा कुल २२ हजार ६ सय ८५ र स्थानीय तहमा ६६ हजार ७ सय ६६ गरी कुल १ लाख ३७ हजार ३ सय ७१ कर्मचारी दरबन्दी कायम भएको छ।
- कर्मचारी समायोजन अध्यादेश, २०७५ स्वीकृत भई कर्मचारी समायोजनको अधिकांश कार्य सम्पन्न भएको छ।

## २. सङ्घीयता अनुरूपको कानुनी व्यवस्था

- सरकार गठन भएपछि सङ्घीयता कार्यान्वयन गर्न आवश्यक कानुनहरू, संविधानले प्रत्याभूत गरेका मौलिक हकको कार्यान्वयनका लागि आवश्यक कानुनहरू, सुशासन प्रवर्द्धन, आर्थिक विकास र समृद्धिको आधार तयार गर्न आवश्यक कानुनहरू र समावेशी विकास एवं सामाजिक न्याय कायम गर्नका लागि महत्त्वपूर्ण कानुनहरू तर्जुमा गरिएका छन्।
- सरकारको एक वर्षको यस कार्यकालमा २५ कानुन सङ्घीय संसदबाट पारित भइसकेका छन्। ५ अध्यादेशहरू जारी भएका छन्। २३ विधेयकहरू सङ्घीय संसदमा प्रस्तुत भई विचाराधीन छन्। २४ विधेयकहरू सङ्घीय संसदसमक्ष प्रस्तुत गर्न अन्तिम तयारी भइरहेको छ। यस अवधिमा ४७ नियमावलीहरू र ७ गठन आदेशहरू जारी भएका छन्। एक वर्षमा ३३ निर्देशिका, कार्यविधि र मापदण्ड जारी भएका छन्।
- नेपालको संविधानले व्यवस्था गरेका मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक १६ कानुनहरू संविधानले निर्धारण गरेको मिति २०७५ साल असोज २ गतेभित्रै जारी भइसकेका छन्।
- नेपालको संविधानले व्यवस्था गरेको सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको बाँडफाँट तथा संविधानको धारा ३०४ को सन्दर्भमा संशोधन गर्नुपर्ने मौजुदा कानुनलाई संशोधन गर्न केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ मार्फत् ५६ ऐन र नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७५ मार्फत् १०९ ऐन संशोधन गर्ने गरी दुवै विधेयक सङ्घीय संसदमा प्रस्तुत भइसकेका छन्।
- नेपालको कानुनी प्रणालीलाई आधुनिकीकरण गर्ने गरी २०७४ सालमा जारी भएका मुलुकी देवानी (संहिता) ऐन, २०७४ लगायतका संहिता तथा ऐनहरू २०७५ भदौ १ गतेबाट लागु भएका छन्।
- नेपाल पक्ष भएका विभिन्न ९५ बहुपक्षीय तथा द्विपक्षीय अन्तर्राष्ट्रिय सन्धि सम्झौता सम्पन्न भएका छन्।

## ३. छिमेक सम्बन्ध र परराष्ट्र नीति

- समानता, पारस्परिक सम्मान र लाभका आधारमा राष्ट्रिय हित संरक्षण र संवर्द्धन हुने गरी स्वतन्त्र एवं सन्तुलित परराष्ट्र नीति अवलम्बन गरिएको छ। छिमेकी मित्रराष्ट्रहरूसँगको विश्वासमा अभिवृद्धि गर्दै सम्बन्धलाई सुमधुर, फराकिलो र गहिरो बनाउँदै लगिएको छ। अन्तर्राष्ट्रिय जगतमा नेपालप्रतिको विश्वास र आकर्षण बढेको छ। विश्व शान्ति, विकास र समझदारी अभिवृद्धि गर्ने प्रयासमा नेपालको योगदान स्थापित भएको छ।
- सम्माननीय राष्ट्रपतिज्यूबाट भएको कतारको औपचारिक भ्रमणबाट द्विपक्षीय सम्बन्धमा नयाँ आयाम थपिएको छ। कतार सरकारसँग कूटनीतिक र विशेष राहदानीबाहकहरूलाई प्रवेशाज्ञा शुल्क छुट गर्ने, कृषि तथा खाद्य सुरक्षामा सहयोग आदानप्रदान गर्नेजस्ता महत्त्वपूर्ण सम्झौताहरू सम्पन्न भएका छन्।
- सम्माननीय राष्ट्रपतिज्यूले पोल्याण्डमा भएको संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलनलाई गर्नुभएको सम्बोधनमा जलवायु परिवर्तन अनुकूलन सम्बन्धमा नेपालले अवलम्बन गरेका प्रयासहरूका बारेमा चर्चा गर्दै नेपाललगायतका अतिकम विकसित मुलुकहरूलाई आवश्यक सहयोग गर्न विश्व समुदायलाई आह्वान गर्नुभएको छ।
- सम्माननीय उपराष्ट्रपतिज्यूको चीनको सिचुवान प्रान्तको छङ्दुमा आयोजना भएको सत्रौं पश्चिमी चीन अन्तर्राष्ट्रिय मेलामा भएको सहभागिताबाट नेपाल चीन सम्बन्धलाई सुदृढ बनाउन मद्दत पुगेको छ।
- छिमेकी मित्रराष्ट्र चीनसँगको सम्बन्ध नयाँ उचाइमा पुगेको छ। नेपालका प्रधानमन्त्रीको चीन भ्रमणका अवसरमा चिनियाँ राष्ट्रपतिलगायतका अन्य उच्च अधिकारीहरूसँग भएका महत्त्वपूर्ण भेटघाट एवं वार्ताबाट रेल्वे, कनेक्टिभिटि र ऊर्जा क्षेत्रसँग सम्बन्धित आयोजनाहरूमा सहयोग आदानप्रदान गर्ने विषयहरूमा समझदारी तथा सम्झौता भएका छन्।
- नेपालका प्रधानमन्त्रीले गर्नुभएको चीनको औपचारिक भ्रमणका अवसरमा नेपाल र चीनबीच सम्पन्न बेल्ट एण्ड रोड इनिसियटिभसम्बन्धी समझदारीको कार्यान्वयनमा तीब्रता दिन दुवै पक्षले हिमालय वारपार बहुआयामिक सम्पर्क सञ्जालको बृहत्तर संरचनाभित्र रही रेल सेवा, सडक यातायात, बन्दरगाह, हवाईमार्ग र सञ्चार तथा प्रविधिका क्षेत्रमा सहयोग अघि बढाउने विषयमा सहमति भएको छ। भ्रमणका अवसरमा विभिन्न १४ सम्झौता तथा समझदारीहरूमा हस्ताक्षर भएको छ।
- नेपालका प्रधानमन्त्रीको भारत भ्रमण र भारतका प्रधानमन्त्रीको नेपाल भ्रमणबाट दुई देशबीचको सम्बन्ध नयाँ उचाइमा पुगेको छ। समस्याहरू समाधान हुँदै गएका छन्। सहयोगमा सञ्चालित आयोजनाहरूको कार्यान्वयनले गति लिएको छ। थप सहयोगका क्षेत्र विस्तार भएका छन्।

- नेपालका प्रधानमन्त्रीले गर्नुभएको भारतको राजकीय भ्रमणका अवसरमा आर्थिक, सामाजिक तथा अन्य क्षेत्रहरूका अतिरिक्त दुई देशबीच कृषि, रेलमार्ग र अन्तरदेशीय जलमार्गका क्षेत्रमा सहयोग अघि बढाउने सहमति हुनुका साथै वीरगञ्जको एकीकृत जाँच चौकीको उद्घाटन र रक्सौल-अमलेखगञ्ज अन्तरदेशीय पेट्रोलिय पदार्थ पाइपलाइनको शिलान्यास गर्ने कार्य सम्पन्न भएको छ।
- भारतका प्रधानमन्त्रीको नेपाल भ्रमणका अवसरमा अरुण-तेस्रो जलविद्युत आयोजनाको शिलान्यास, नेपाल-भारत रामायण सर्किटको घोषणा तथा जनकपुर-अयोध्या बस सेवा सञ्चालनको सुरुआत भएको छ। भारतका प्रधानमन्त्रीको दोस्रो भ्रमणका अवसरमा काठमाडौं-रक्सौल विद्युतीय रेलमार्ग निर्माणका लागि सर्भेक्षण गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ।
- नेपालका प्रधानमन्त्रीले संयुक्त राष्ट्रसङ्घको ७३ औं महासभालाई सम्बोधन गर्दै विश्व शान्ति, अन्तर्राष्ट्रिय सुरक्षा, मानव अधिकार र दिगो विकासलगायतका विषयमा नेपालको स्पष्ट धारणा राख्नुभएको छ। उक्त सम्बोधनमार्फत् नेपालमा नयाँ संविधान जारी भएपछि सङ्क्रमणकालको अन्त्य भएको, संविधानले तोकेको अवधिभित्रै सङ्घीय, प्रान्तीय र स्थानीय तीनै तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भई तीनै तहका सरकार गठन भएको जानकारी विश्व समुदायलाई दिइएको छ। सम्बोधनका क्रममा प्रधानमन्त्रीबाट नेपाल आफैंले नेतृत्व गरेको राष्ट्रिय मौलिक शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याएको स्मरण गराउँदै नेपालको यो अनुभव द्वन्द्वरत मुलुकहरूका लागि अनुकरणीय र सफल अभ्यास हुनसक्ने विश्वास व्यक्त भएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिवले घोषणा गर्नुभएको Action for Peacekeeping मा नेपालले हस्ताक्षर गरी प्रतिबद्धता जनाएको छ।
- संयुक्त राष्ट्रसङ्घको ७३ औं महासभामा भाग लिने क्रममा न्यूयोर्कमा रहँदा सम्माननीय प्रधानमन्त्रीज्यूले स्वीटजरल्याण्डका राष्ट्रपति, संयुक्त अधिराज्य बेलायत, क्यानाडा र कम्बोडियाका प्रधानमन्त्रीहरूसँग भेट गर्नुभई आपसी हितका विषयहरूमा छलफल गर्नुभयो।
- नेपाल सन् २०१९ को जनवरी १ देखि लागु हुने गरी दुई वर्षका लागि संयुक्त राष्ट्रसङ्घको Peace Building Commission को सदस्यमा निर्वाचित भएको छ। मानवअधिकार परिषद्को एसिया तथा प्रशान्त क्षेत्रको संयोजकमा छनौट भएको छ।
- नेपालले संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद् (२०२४-२६), लागु औषधसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आयोग (२०२०-२३), अपराध निरोध तथा फौजदारी न्यायसम्बन्धी आयोग (२०२१-२३), संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् (२०२१-२३) र Committee on the Elimination of Discrimination Against Women (२०२१-२४) को सदस्यका लागि हुने निर्वाचन/पुनःनिर्वाचनमा उम्मेद्वारी प्रस्तुत गरेको छ।

- कोष्टारिकाको औपचारिक भ्रमणका अवसरमा प्रधानमन्त्रीको University for Peace मा आयोजित कार्यक्रमलाई भएको सम्बोधनमार्फत् नेपालको शान्ति प्रक्रियाका बारेमा अन्तर्राष्ट्रिय जगतलाई जानकारी गराउने अवसर प्राप्त भएको छ। यस भ्रमणबाट कोष्टारिकासँगको सम्बन्धमा नयाँ आयाम थपिएको छ।
- विश्व आर्थिक मञ्चले पहिलोपटक नेपालका प्रधानमन्त्रीलाई गरेको निमन्त्रणा स्वीकार गर्दै प्रधानमन्त्री डाभोसमा आयोजना भएको सो मञ्चको वार्षिक बैठकमा सहभागी हुनुभयो। प्रधानमन्त्रीबाट "Strategic Outlook on South Asia" र "Shaping the Future of Democracy" विषयक दुई सत्रलाई सम्बोधन भयो । साथै “The End of Global Trade as We Know It” विषयक विश्व आर्थिक नेताहरूको अनौपचारिक भेलामा भूपरिवेष्ठित, अल्पविकसित र विकासोन्मुख राष्ट्रहरूको विकासका समस्या, सम्भावना र लगानीका अवसरहरूका बारेमा बृहत् धारणाहरू राख्ने अवसर प्राप्त भएको छ।
- श्रीलंका र म्यानमारका राष्ट्रपति, बंगलादेश, पाकिस्तान, कम्बोडिया र थाइल्याण्डका प्रधानमन्त्रीले विभिन्न समयमा गर्नुभएको नेपाल भ्रमणबाट द्विपक्षीय सम्बन्धलाई थप सुदृढ गर्न र सहयोग विस्तार गर्न मद्दत पुऱ्याएको छ।
- द्विपक्षीय सम्बन्ध विस्तार गर्ने क्रममा परराष्ट्रमन्त्रीस्तरमा भारत, चीन, पोर्चुगल, वेल्जियम, लक्जम्बर्ग, अष्ट्रिया, जापान, संयुक्त राज्य अमेरिकाको भ्रमण भएको छ।
- क्षेत्रीय सहयोगको फाँटमा दूरगामी महत्त्व राख्ने घोषणापत्र जारी गर्दै काठमाडौंमा बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) का राष्ट्र प्रमुख तथा सरकार प्रमुखहरूको चौथो सम्मेलन सम्पन्न भएको छ।
- शान्ति विश्वविद्यालय स्थापना गर्ने अन्तर्राष्ट्रिय सम्झौतामा नेपाल पक्षराष्ट्र बनेको छ।
- नेपाल र सेन्ट किट्स एण्ड नेभिस, रुवान्डा, माडागास्कार र सुरिनामबीच कूटनीतिक सम्बन्ध स्थापना भएको छ। विभिन्न मुलुकहरूसँग द्विपक्षीय परामर्श संयन्त्रको स्थापना भई द्विपक्षीय बैठकहरू सम्पन्न भएका छन्।

## ४. समग्र अर्थव्यवस्था

गत एक वर्षमा वित्तीय सङ्घीयता कार्यान्वयनमा सरकारले उल्लेख्य फड्को मारेको छ। सङ्घीय संरचना अनुरूप सङ्घ, प्रदेश र स्थानीय तह गरी ७६१ वटा बजेटका लागि राजस्व, खर्च र प्रतिवेदन गर्ने कार्यलगायत वित्त व्यवस्थापनको कार्य पूरा भएको छ। राज्यका तीनवटै तहका राजस्व अधिकारको कार्यान्वयन, साझा सूचीका राजस्वको बाँडफाँट, खर्चको निश्चित मापदण्ड र सूत्रका आधारमा न्यायोचित वितरण तथा बजेट प्रणालीको वैज्ञानिक, पारदर्शी र कार्यमूलक व्यवस्था गर्ने

कार्य यसबीचमा सम्पन्न भइसकेका छन्। यी कार्यहरूसँगै तीनवटै तहमा वित्तीय सङ्घीयता अनुरूपका सार्वजनिक आर्थिक गतिविधिहरू द्रुतगतिले अघि बढ्न थालेका छन्।

**राजस्व प्रणाली**

- वर्तमान सरकार गठन भएसँगै राजस्व परिचालनमा उल्लेख्य सफलता प्राप्त भएको छ। आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्ममा रु. ७३२ अर्ब राजस्व परिचालन भई कुल राजस्वको वार्षिक वृद्धिदर २०.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ को पुससम्ममा रु. ४०२ अर्ब राजस्व परिचालन भएको छ। गत वर्षको सोही अवधिको तुलनामा यो रकम २६.१ प्रतिशतले बढी हो। राजस्वका केही अधिकारहरू प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको र केही करका आधार नै तल हस्तान्तरण हुँदा पनि कर सुधारका प्रयासका कारण सङ्घको राजस्व परिचालन उच्च रहन सकेको छ।
- यस आर्थिक वर्षदेखि प्रादेशिक र स्थानीय तहलाई राजस्वका साझा र एकल अधिकारहरू पनि हस्तान्तरण गरिएको छ। यसरी हस्तान्तरण गरिएका अधिकारअन्तर्गत प्रदेश र स्थानीय तहले वार्षिक रु. ६५ अर्बभन्दा बढी राजस्व परिचालन गर्नसक्ने अवस्था छ। यो रकम अघिल्लो वर्षको तुलनामा झण्डै ३ गुणा बढी हुन सक्ने अवस्था छ। यसले स्थानीय तहको विकासका लागि थप स्रोत जुट्न सम्भव भएको छ।
- कानुनी सुधार, संगठनात्मक सुदृढीकरण, प्रक्रियागत सरलीकरण र प्रशासनिक प्रभावकारिता बढ्दै गएकोले मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क र भन्सार चुहावटका छिद्रहरू बन्द हुँदै गएका छन्। कर प्रशासनलाई स्वच्छ, पारदर्शी, अनुमानयोग्य र व्यवसायीमुखी बनाउँदै लगिएको छ।
- तदर्थ रूपमा कर प्रशासन चल्ने/चलाउनेजस्ता कार्यहरू रोक्न तथा कर प्रशासनमा संस्थागत भ्रष्टाचारका बाटाहरू निषेध गर्न कर फछ्र्यौट आयोगको अन्त्य गरिएको छ।
- कुनै मुलुकमा पनि नदेखिएको मूल्य अभिवृद्धि कर फिर्ता दिनेजस्तो कर प्रणालीको विकृत व्यवस्था खारेज गरिएको छ। यसबाट मूल्य अभिवृद्धि करको दायरा सुदृढ र कर व्यवस्था पारदर्शी भएको छ।
- करको क्षेत्रगत दायरा विस्तार गर्न मुलुकका विभिन्न क्षेत्रमा रहेका १७ करदाता सेवा कार्यालयको स्तरोन्नति गरी १८ आन्तरिक राजस्व कार्यालयहरू स्थापना गरिएका छन्। थप ११ करदाता सेवा कार्यालयहरू पनि यस अवधिमा स्थापना गरिएका छन्। साथै साविकको आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १, २ र ३ एकीकरण गरी नयाँ कार्यालयको

रूपमा मध्यमस्तरीय करदाता कार्यालय स्थापना गरिएको छ। यसले करको आधार र दायरा विस्तार भएको छ।

- स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या एक वर्षमा १७ लाख २ हजारबाट बढेर १९ लाख ५० हजार पुगेको छ। यस अवधिमा मात्र २ लाख ४८ हजारले स्थायी लेखा नम्बर लिएका छन्। यस आर्थिक वर्षमा रु. १५ अर्ब बक्यौतामा रहेको राजस्व असूल गरिएको छ।
- राजस्व सङ्कलनमा प्रविधिको प्रयोग बढाउन २०७५ साउन १ गतेदेखि राजस्व सङ्कलन गर्न तोकिएका सबै बैङ्कका जुनसुकै शाखाबाट राजस्व बुझाउन सक्ने व्यवस्था सुरु गरिएको छ।
- बिल बीजक लिनेदिने प्रणालीमा सुधार गरी कारोबारमा पारदर्शिता र प्रभावकारिता ल्याउन र निश्चित प्रकृतिका कारोबार गर्ने करदाताले अनिवार्य रूपमा विद्युतीय माध्यमबाट बीजक जारी गर्नुपर्ने व्यवस्था गरिएको छ। यस अनुरूप २०७५ पुस मसान्तसम्म करिब २ हजार करदाताहरूले विद्युतीय माध्यमबाट बीजक जारी गर्ने व्यवस्था मिलाइएको छ। यी करदातामध्ये यो अवधिमा ५७ करदाताको कारोबार केन्द्रीय बिलिङ्ग अनुगमन प्रणालीमा आबद्ध गरी मूल्य अभिबृद्धि करलगायत समग्र कर चुहावट नियन्त्रण गरिएको छ।
- संविधानमा मौलिक हकका रूपमा उल्लेख गरिएको आधारभूत शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रमा लाग्दै आएको शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर खारेज गरी सेवालाई सहज र सुलभ बनाइएको छ। स्वास्थ्य सेवामा लाग्ने मूल्य अभिवृद्धि करसमेत खारेज गरिएको छ।
- उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन र संरक्षण गर्न स्वदेशी चिया उत्पादन र प्रशोधन गर्ने उद्योग, दुग्ध पदार्थको कारोबार गर्ने डेरी उद्योग र कपडा उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको विक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा ५० प्रतिशत छुट दिइएको छ।
- कर, भन्सारलगायत अन्य महसुल तथा राजस्व छुट दिनेसम्बन्धी निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याइएको छ।
- आन्तरिक राजस्व परिचालनका लागि पाँच वर्षे नयाँ रणनीतिक योजना कार्यान्वयनमा ल्याइएको छ।
- प्रगतिशिल कर प्रणाली कार्यान्वयन गर्ने क्रममा आयकरका दरहरू १० प्रतिशत, २० प्रतिशत र ३० प्रतिशत कायम गरिएको छ। रु. २० लाखमाथिको आयमा २० प्रतिशत अतिरिक्त कर लाग्ने व्यवस्था गरी कर तिर्ने क्षमताअनुसारको कर दायित्व बहन गर्नुपर्ने व्यवस्था गरिएको छ।
- भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कन प्रणालीमा सुधार गर्न थप ७ भन्सार कार्यालयमा स्वचालित प्रणालीबाट जाँचपास गर्ने प्रणाली (आसिकुडा वर्ल्ड) लागु गरी यस

प्रणालीबाट भन्सार जाँचपास गर्ने कार्यालयको सङ्ख्या २१ पुऱ्याइएको छ। विभिन्न १६ भन्सार कार्यालयमा आईपी क्यामेरा जडान गरी भन्सार विभाग र अर्थ मन्त्रालयबाट कार्यालयहरूको प्रत्यक्ष निगरानी गर्न सकिने व्यवस्था मिलाइएको छ।

- भन्सार कार्यालयमा बैङ्क काउन्टर स्थापना गरी सेवाप्रवाहलाई सहज बनाउन थप ७ वटा भन्सार कार्यालयमा बैंङ्क काउन्टर स्थापना गरिएको छ। हालसम्म २४ विभिन्न भन्सार कार्यालय परिसरमा बैङ्क काउन्टर स्थापना गरी सेवा पुऱ्याइएको छ।
- भद्रपुर, ठाडी, महेशपुर, सुठौली र सत्ति छोटी भन्सार कार्यालयहरूलाई मूल भन्सार कार्यालयमा स्तरोन्नति गरी सेवा विस्तार गरिएको छ।
- अस्वाभाविक सस्तो मूल्यमा वस्तु आयात गरी आन्तरिक उत्पादनलाई प्रतिकूल असर पार्ने वस्तुहरूको भन्सार र सन्दर्भ मूल्य पुनरावलोकन गरी स्वदेशी उद्योगहरूलाई संरक्षण प्रदान गरिएको छ।

**बजेट खर्च व्यवस्थापन**

- चालु आर्थिक वर्षको २०७५ माघ मसान्तसम्म चालुतर्फ रु. ३ खर्ब ५१ अर्ब ७ करोड ३१ लाख, पुँजीगततर्फ रु. ७० अर्ब ६६ करोड ८ लाख र वित्तीय व्यवस्थातर्फ रु. ३२ अर्ब १३ करोड ५७ लाख गरी जम्मा रु. ४ खर्ब ५३ अर्ब ८६ करोड ९६ लाख खर्च भएको छ। यसमा स्थानीय तहमा अधिकार प्रत्यायोजन भई गएको राजस्वको अधिकार र राजस्व बाँडफाँटबाट प्राप्त स्रोतबाट स्थानीय तहमा भएको खर्च समावेश छैन। गत आर्थिक वर्षको सोही अवधिमा क्रमश: चालू खर्च रु. ३ खर्ब ६४ अर्ब ५९ करोड ९३ लाख, पुँजीगततर्फ रु. ६६ अर्ब १५ करोड ९३ लाख र वित्तीय व्यवस्थातर्फ रु. २५ अर्ब ५ करोड ८२ लाख गरी जम्मा रु. ४ खर्ब ५५ अर्ब ८१ करोड ६९ लाख खर्च भएकोमा चालू वर्षमा आफ्नै राजस्वमार्फत् पनि प्रदेश र स्थानीय तहमा भएको खर्च जोड्दा समग्र खर्च सन्तोषप्रद ढङ्गले वृद्धि भइरहेको देखिन्छ। त्यस्तै अघिल्लो वर्षमा भएको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको खर्च घटाउने हो भने अघिल्लो वर्षको तुलनामा यस वर्ष सरकारी खर्चको स्थिति स्वभाविक नै देखिन्छ।
- बदलिँदो अन्तर्राष्ट्रिय परिवेश र सङ्घीय शासन प्रणालीको मर्म अनुरूप प्रदेश तथा स्थानीय तहसम्म वैदेशिक सहायताको परिचालन हुने व्यवस्था मिलाउन अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन नीति तर्जुमा गरिएको छ।
- वैदेशिक सहायताको परिचालन बढाउने, परिचालनलाई राष्ट्रिय प्राथमिकता अनुकूल बनाउने, उपलब्ध सहायताको उपयोग बढाउने प्रयासहरू भएका छन्। वैदेशिक सहायताको प्रभावकारी उपयोग बढाउन गरिएका संस्थागत तथा नीतिगत सुधारप्रति विकासका साझेदारहरूमा विश्वास

बढ्न गई राष्ट्रिय बजेट प्रणालीभित्रै रहेर बजेट सहायता उपलब्ध गराउने क्रम सुरु भएको छ।

- यस अवधिमा वैदेशिक सहायता प्राप्तिको प्रतिबद्धता बढेको छ। २०७४ फागुनदेखि २०७५ माघ मसान्तसम्म अनुदान सहायता रु. ७२ अर्ब र ऋण सहायता रु. १२३ अर्ब गरी जम्मा रु. १९५ अर्बको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको छ। यो प्रतिबद्धता गत वर्षको सोही अवधिको तुलनामा १९.० प्रतिशतले बढी हो। वित्तीय क्षेत्र सुधारका रणनीति अघि बढाएसँगै यस अवधिमा रु. ५० अर्ब बराबरको बजेट सहायता (Budgetary Support) को प्रतिबद्धता प्राप्त भएको छ जुन अघिल्लो वर्षको सोही अवधिमा रु. ११ अर्ब मात्र थियो।
- चालू आर्थिक वर्षको माघसम्म सरकारले आन्तरिक ऋण उठाउनु परेको छैन। जबकि अघिल्लो आर्थिक वर्षको पहिलो ६ महिनाभित्रै रु. ११४ अर्ब आन्तरिक ऋण उठाइसकिएको थियो। आन्तरिक ऋण नउठाइकन पनि २०७५ माघ मसान्तमा सङ्घका खर्चयोग्य कोष (Treasury) मा रु. १७३ अर्ब ८७ करोड बचत रहेको छ। आन्तरिक ऋण घटाउने हो भने अघिल्लो वर्ष यसै अवधिमा यस्तो कोष घाटामा थियो।
- नेपाल सरकारले लिएको आन्तरिक ऋण उठाउने, आन्तरिक र बाह्य ऋणको अभिलेख, भुक्तानी र लेखाङ्कन गर्ने कार्य गर्न छुट्टै कार्यालयको रूपमा यस वर्ष सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्थापना गरिएको छ।
- सार्वजनिक खर्च, विकास र विनियोजनबीच सामञ्जस्य कायम गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुन तर्जुमा गरिएको छ। अन्तर सरकारी वित्त एवं अन्तर परिषद्को बैठक तथा अन्तरक्रियामार्फत् सङ्घ, प्रदेश र स्थानीय तहबीचका राजस्व र खर्चको साझा अधिकारको सूचीलाई थप व्यवस्थित बनाइएको छ।
- निवृत्तिभरणसम्बन्धी दायित्वलाई धान्न सकिने गरी व्यवस्थापन गर्न योगदानमा आधारित निवृत्तिभरण कानुन तर्जुमा गरिएको छ।
- सङ्घीय विभाज्य कोषमार्फत् उपलब्ध हुने राजस्व, संविधानप्रदत्त राजस्वका स्रोतहरूमाथिको अधिकार कार्यान्वयन गर्न गरिएका कानुनी व्यवस्था र सङ्घको बजेटमार्फत् विभिन्न अनुदान (विशेष, समपूरक, सशर्त र समानीकरण) लाई कार्यान्वयमा ल्याई न्यायिक ढङ्गले स्रोत उपलब्ध गराउने कार्य भएबाट जगैबाट सबल सङ्घीय वित्तीय प्रणालीको विकास भएको छ।
- प्रादेशिक सार्वजनिक खर्च प्रणालीलाई सुदृढ बनाउन प्रादेशिक कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको व्यवस्था गरिएको छ। प्रदेश र स्थानीय तहको खर्चको एकीकृत वित्तीय विवरण तयार पार्ने, लेखापरीक्षण गर्ने र जबाफदेहिता कायम गर्ने व्यवस्था मिलाइएको छ।

**बैकिङ्ग तथा वित्तीय सेवा विस्तार**

- वित्तीय सेवा विस्तार गरी सर्वसाधारणमा वित्तीय पहुँच पुऱ्याउन थप सुधार, नयाँ वित्तीय संस्थाहरूको स्थापना र विद्यमान वित्तीय संस्थाहरूको विस्तार गरिएको छ। २०७४ माघ मसान्तसम्म ५ हजार ७ सय ५१ रहेको बैक तथा वित्तीय संस्थाहरूको शाखा २०७५ पुस मसान्तसम्म ७ हजार ५ सय ९१ पुगेको छ।
- २०७४ माघ मसान्तसम्ममा मुलुकका ७५३ स्थानीय तहहरूमध्ये ३७४ स्थानीय तहहरूमा मात्र वाणिज्य बैङ्कहरूको उपस्थिति रहेकोमा यो सङ्ख्या २०७५ माघसम्ममा ७०३ पुगेको छ। २०७५ चैतभरिमा अधिकांश स्थानीय तहमा बैङ्क सुविधा पुग्ने गरी पूर्वतयारी गरिएको छ।
- सबै स्थानीय निकायसम्म बैङ्कका शाखा विस्तार भएसँगै बिमा सेवा, लघुवित्त सेवा, बचत तथा ऋण सहकारी सेवा तथा विप्रेषण सेवाको विस्तार भएकाले वित्तीय सेवामा सर्वसाधारणको पहुँच बढेको छ।
- साना निक्षेपकर्ताको निक्षेप र साना कर्जा सुरक्षणको सीमा वृद्धि गरी प्राकृतिक व्यक्तिका नाममा बचत तथा मुद्दती खातामा रहेको निक्षेप सुरक्षण रु. २ लाखबाट वृद्धि गरी रु. ३ लाख कायम गरिएको छ। चालु वर्षको ६ महिनामा निक्षेप सुरक्षणतर्फ थप १ खर्ब ८० अर्बको साना बचतकर्ताको रकम सुरक्षित भइसकेको छ। यसै अवधिमा २९ लाख थप निक्षेपकर्ताको रु. ३ लाखसम्मको बचत सुरक्षण भई निक्षेप सुरक्षण हुने खाता सङ्ख्या २ करोड २३ लाख पुगेको छ।
- नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषमा रहेको बचतलाई सामाजिक सुरक्षा र आर्थिक वृद्धिमा सहयोगी बनाउन कानुनी, नीतिगत र संगठनात्मक प्रावधानहरूलाई परिमार्जन गरिएको छ।
- बैङ्क तथा वित्तीय संस्थाहरूबाट २०७४ पुस मसान्तसम्ममा रु. २४ खर्ब ५७ अर्ब निक्षेप परिचालन भएकोमा २०७५ पुस मसान्तमा यस्तो निक्षेप बढेर रु. २९ खर्ब ५३ अर्ब पुगेको छ। यस अवधिमा निजी क्षेत्रतर्फको कर्जा रु. २२ खर्ब ३० अर्बबाट २३.२ प्रतिशतले बढेर रु. २७ खर्ब ४७ अर्ब पुगेको छ। बढेको कर्जामध्ये कृषि क्षेत्रको कर्जा वृद्धि ३२.७ प्रतिशत रहेको छ।
- पछिल्लो समयमा कर्जाको ब्याजदरमा सुधार हुँदै गएको छ। २०७४ माघमा कर्जाको औसत ब्याजदर करिब १२ प्रतिशत रहेकोमा २०७५ असार मसान्तमा कर्जाको औसत ब्याजदर १२.५ प्रतिशत पुगेको भए तापनि २०७५ पुसमा पुनः १२.३ प्रतिशतमा झरेको छ। यसमा क्रमशः सुधार हुँदै जाने गरी आवश्यक ब्याजदर सुधारको कदम चालिएको छ। वाणिज्य बैङ्कहरूले निक्षेपमा प्रदान गर्ने औसत ब्याजदर २०७४ माघ मसान्तमा ६.४ प्रतिशत रहेकोमा

२०७५ पुस मसान्तमा ६.७ प्रतिशत पुगेको छ। कर्जाको व्याजदरमा आएको कमि र निक्षेपको ब्याजदरमा भएको वृद्धिसँगै व्याजदरको अन्तर (Spread) दर घटी निक्षेपकर्ता र लगानीकर्ता/ऋणी दुवै लाभान्वित हुने अवस्था सिर्जना भएको छ।

- स्वरोजगारी तथा अन्य रोजगारी बढाउन युवा, महिला, दलित शिक्षित व्यक्तिलाई सहुलियतपूर्ण ऋण तथा ब्याज अनुदान उपलब्ध गराउने व्यवस्था कार्यान्वयनमा आएसँगै हजारौं युवा तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरू स्वदेशी रोजगारीमा आबद्ध भएका छन्। यसअन्तर्गत व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा रु. ५ करोडसम्म, शिक्षित युवा रोजगार कर्जा रु. ७ लाखसम्म, विदेशबाट फर्केका युवा परियोजना कर्जा रु. १० लाखसम्म, उद्यमशील महिला समूह कर्जा रु. १५ लाखसम्म, दलित व्यवसाय कर्जा रु. १० लाखसम्म, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा रु. ५ लाखसम्म र भूकम्प पीडितहरूलाई आवास कर्जा रु. ३ लाखसम्म उपलब्ध हुन थालेको छ। यसबाट हजारौंको सङ्ख्यामा स्वरोजगारी सिर्जना हुन थालेको छ ।
- आर्थिक गतिविधिमा विस्तार भएसँगै बैङ्क कर्जाको बढ्दो मागलाई सम्बोधन गर्न वाणिज्य बैङ्कहरूले विदेशी बैङ्क तथा त्यस्तै प्रकारका वित्तीय संस्थाबाट ऋण लिन पाउने व्यवस्था भएको छ।
- साना किसानहरूले तत्कालीन साझा सहकारी संस्थाहरूबाट २०४८ साल अघि लिएको रु. २९ करोड ऋण र त्यसको ब्याजसमेत गरी रु. १०३ करोड मिनाहा गरिएको छ।
- बिमा सेवाको पहुँच एक वर्षमा कुल जनसङ्ख्याको ९ प्रतिशतबाट बढेर झण्डै १५ प्रतिशतसम्म पुगेको छ।
- आगामी २ वर्षभित्र सबै बिमा कम्पनीहरूले कूल बिमा कारोबारमध्ये लघु बिमाको कारोबार कम्तिमा १० प्रतिशत पुऱ्याउन लघुबिमा निर्देशिका, २०७१ मा संशोधन गरी कार्यान्वयनमा ल्याइएको छ।
- बैङ्क तथा वित्तीय संस्थाहरूले परिवर्त्य विदेशी मुद्रालगायत भारतीय मुद्रामा समेत आफ्नो प्राथमिक पुँजीको ५० प्रतिशतसम्म ऋण लिन पाउने व्यवस्था गरिएको छ।
- दीर्घकालीन कर्जा लगानीको मागलाई सम्बोधन गर्नका लागि बैङ्क तथा वित्तीय संस्थाले प्राथमिक पुँजीको शत प्रतिशतसम्म दीर्घकालीन ऋणपत्र जारी गर्न पाउने व्यवस्था गरिएको छ।
- वाणिज्य बैङ्कहरूले आफ्नो कुल कर्जाको न्यूनतम २५ प्रतिशत प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्थालाई थप विशिष्टीकृत गरी कृषि क्षेत्रमा न्यूनतम १० प्रतिशत र ऊर्जा तथा पर्यटन क्षेत्रमा न्यूनतम १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिए अनुरूप बैङ्कहरूको यी क्षेत्रमा उलेख्य कर्जा विस्तार भएको छ।

- कर्मचारी सञ्चयकोषबाट २०७५ मङ्सिर १ गतेदेखि लागु हुने गरी सञ्चयकर्ताको लागि औषधोपचारमा रु. १ लाख तथा घातक (कडा) रोगको उपचारमा रु. १० लाखसम्मको बिमा योजना कार्यान्वयनमा ल्याइएको छ।
- बैङ्क तथा वित्तीय संस्थाहरूले रु. ५० करोड वा सोभन्दा बढीको कर्जा उपयोग गर्ने ऋणीलाई कर्जा प्रवाह गर्दा वा कर्जा नवीकरण गर्दा सो संस्थाको क्रेडिट रेटिङ्ग एजेन्सीबाट रेटिङ्ग गरिएको हुनुपर्ने व्यवस्था गरिएको छ।
- नेपालको बाह्य क्षेत्रमा साख अभिवृद्धि गराउँदै लगानी भित्र्याउन सजिलो तुल्याउने दृष्टिकोणले मुलुकको क्रेडिट रेटिङ्ग सुरु गराइएको छ।
- लगानीकर्ताहरूले वैदेशिक ऋण परिचालन गर्दा हुने विनिमय दरको जोखिम न्यूनीकरण गर्न यस्तो ऋणको हेजिङ्ग हुने व्यवस्था गरिएको छ। यसका लागि हेजिङ्ग नियमावली तर्जुमा गरी लागु गरिएको छ।
- स्टार्ट अप, प्राइभेट इक्वीटी, भेन्चर क्यापिटललाई प्रवर्द्धन गरी व्यवसायिक तथा औद्योगिक क्रियाकलापमा लगानी विस्तारका लागि कानुनी व्यवस्था गर्न वैकल्पिक लगानी कोष नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।
- सूचना प्रविधिको माध्यमद्वारा पुँजीबजारमा लगानीकर्ताको प्रत्यक्ष पहुँचका लागि २०७५ कार्तिक २० गतेदेखि स्वचालित प्रणालीबाट शेयर खरिद बिक्री सुरुआत गरिएको छ।
- भुक्तानी तथा फछ्र्यौट कारोबारलाई व्यवस्थित र प्रभावकारी बनाउन भुक्तानी तथा फछ्र्यौट कानुन तर्जुमा गरिएको छ।
- भुक्तानीलाई थप सहज बनाउन रु. १ लाखसम्मको भुक्तानी विद्युतीय माध्यमबाट गर्न सक्ने व्यवस्था मिलाइएको छ।
- नेपाल सरकारको १० प्रतिशत स्वामित्व रहने गरी रु. २० अर्ब अधिकृत पुँजी भएको नेपाल पूर्वाधार विकास बैङ्क स्थापना गर्न स्वीकृति प्रदान गरिएको छ।
- वित्तीय सेवामा नेपालीको सहज पहुँच पुऱ्याउन सबै नेपालीको बैङ्क खाता खोल्ने अभियान निरन्तर रहेको छ।
- एनआईडिसी विकास बैङ्क राष्ट्रिय बाणिज्य बैङ्कमा गाभिई २०७५ वैशाख १९ देखि एकीकृत कारोबार सञ्चालन भएको छ।
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक बिमासम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ।

**समग्र आर्थिक क्षेत्र**

- कृषि उत्पादनमा वृद्धि, औद्योगिक क्षेत्रको क्षमता विस्तार र विद्यामान क्षमताको थप उपयोग, पर्यटन, व्यापारलगायतका सेवा क्षेत्रको विस्तारका कारणले यस आर्थिक वर्षमा न्यूनतम ७ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान छ।
- मुद्रास्फीति नियन्त्रणमा रहेको छ। आर्थिक क्रियाकलापमा भएको तीब्र विस्तारका बावजूद आर्थिक वर्ष २०७५/७६ को ६ महिनामा औसत मुद्रास्फीति ४ प्रतिशतको हाराहारीमा नै रहेको छ।
- औद्योगिक तथा व्यवसायिक गतिविधिमा विस्तार भएको छ। कम्पनी दर्ताको सङ्ख्या २६.७ प्रतिशतले वृद्धि भई १३ हजार ४ सय २१ पुगेको छ। गत वर्षको सोही अवधिमा १० हजार ८ सय ५७ कम्पनी दर्ता भएका थिए। विद्युतको खपत १३ प्रतिशत र डिजेलको खपत १० प्रतिशतभन्दा धेरैले बढेको छ। औद्योगिक वस्तु तथा निर्माण सामग्री र पुँजी निर्माणमा सहयोग पुग्ने वस्तुहरूको आयात ३२.१ प्रतिशतले बढेको छ। श्रम सम्बन्धमा सुधार आएकाले औद्योगिक गतिविधिको विकास र विस्तारमा नवप्रवर्तन र दक्षतामा वृद्धि भएको छ। बैङ्क तथा वित्तिय संस्थाहरूबाट निजी क्षेत्रमा भएको कर्जाको प्रवाह पनि २३.२ प्रतिशतले बढेको छ। कृषिमा ३२.७ प्रतिशत, खानीमा २५.४ प्रतिशत, उत्पादनमा १५.५ प्रतिशत र निर्माणमा १३.४ प्रतिशतले बैंक तथा वित्तीय संस्थाको कर्जा वृद्धि भएको छ ।
- यस वर्षको जनवरीसम्ममा पर्यटक आगमनको सङ्ख्या ३२.५ प्रतिशतले बढेको छ। बढ्दो पर्यटकीय आगमन र पर्यटनको क्षेत्रमा भएका थप विस्तारसँगै सेवा क्षेत्र पनि विस्तार भएको छ।
- औद्योगिक क्षेत्रको विकास र विस्तार, पर्यटन क्षेत्रको विस्तार, श्रम सम्बन्धमा आएको सुधार, स्वरोजगार कर्जाको विस्तार आदिले रोजगारीका अवसरहरू बढेका छन्। कामको खोजीमा विदेश जाने नेपालीको सङ्ख्यामा आएको कमी र कुल गार्हस्थ्य उत्पादनमा आएको वृद्धिले आन्तरिक रूपमा समेत रोजगारी सिर्जना भएको अनुमान गर्न सकिन्छ।
- चालु आर्थिक वर्षको ६ महिनामा निर्यात १०.३ प्रतिशतले तथा आयात ३०.५ प्रतिशतले बढेको छ। आयात बढ्नुमा औद्योगिक तथा पुँजीगत वस्तुहरूको योगदान बढी छ। यस अवधिमा पैठारी भएका वस्तुहरूमध्ये मेसिनरी सामानमा १९.२ प्रतिशत, औद्योगिक कच्चा पदार्थमा १२.५ प्रतिशत, हवाईजहाज तथा हेलिकोप्टरमा १९९.५ प्रतिशत र फलाम, स्टिल तथा पार्टसमा ५५.० प्रतिशतले वृद्धि भएको छ। यसबाट पूँजिगत निर्माणका लागि आवश्यक यन्त्र, उपकरण एवं कच्चा पदार्थको उपयोग बढ्न गई लगानीको विस्तार हुँदै गएको स्पष्ट हुन्छ।

- वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्यामा चालु आर्थिक वर्षको ६ महिनामा गत वर्षको सोही अवधिको तुलनामा ३९.१ प्रतिशतले कमी आएको छ।
- वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्यामा कमी आए तापनि विप्रेषण आप्रवाह भने बढेको छ। चालू आर्थिक वर्षको पहिलो ६ महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यस्तो आप्रवाह ३०.२ प्रतिशतले वृद्धि भई रु. ४४३.४ अर्ब पुगेको छ।
- २०७५ पुस मसान्तमा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ८.९ महिनाको वस्तु आयात र ७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ। पछिल्ला महिनाहरूमा शोधनान्तर स्थितिमा परेको चापमा सुधार हुँदैछ भने विद्यमान विदेशी विनिमय सञ्चिति सुविधाजनकस्तरमा रहेको छ।
- विगत लामो समयदेखि नेपालको बाह्य व्यापार घाटामा गएकोमा पछिल्लो समयमा सेवा व्यापारमासमेत घाटा हुन गई भुक्तानी सन्तुलनमा चाप पर्दै गएको सन्दर्भमा यो समस्या समाधानका लागि वैदेशिक व्यापार र बाह्य सेवा क्षेत्र व्यवस्थापनका रणनीतिहरू तयार गरी क्रमशः कार्यान्वयनमा ल्याइएको छ।

## ५. लगानीका लागि उपयुक्त वातावरणको निर्माण

- **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य प्राप्त गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रको संयुक्त अभियान अगाडि बढिसकेको छ। स्वदेशी तथा विदेशी निजी लगानीलाई उद्योग, विद्युत, पर्यटन पूर्वाधारजस्ता क्षेत्रमा केन्द्रित गरिएको छ। ऊर्जा उत्पादन र प्रसारणका ठूला परियोजनाहरूको निर्माण, औद्योगिक क्षेत्रको विस्तार, विशेष आर्थिक क्षेत्रको स्थापना गरी लगानी अनुकूल वातावरण निर्माण गर्न सरकार क्रियाशील रहेको छ।
- यस अवधिमा लगानीको वातावरण सुधार गरी निजी क्षेत्रका अतिरिक्त थप वैदेशिक लगानी आकर्षण गर्न नीतिगत, संगठनात्मक र कानुनी सुधारहरू गरिएका छन्। खासगरी वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी ऐन, सार्वजनिक-निजी साझेदारी ऐन, हेजिङ्ग नियमावलीको तर्जुमा, मुलुकको Credit Rating को व्यवस्थाबाट थप लगानी आकर्षित हुने अवस्था सिर्जना भएको छ।
- यस अविधमा प्रदेश तथा स्थानीय तहमा सार्वजनिक खर्चका लागि सङ्घीय अनुदानहरूको उपलब्धता, आ-आफ्नै राजस्वका स्रोत र सङ्घीय राजस्वको बाँडफाँटले आर्थिक क्रियाकलापमा विस्तार भएसँगै प्रदेश तथा स्थानीय क्षेत्रका केही पकेट क्षेत्रहरूमा निजी क्षेत्रका व्यवसाय तथा उद्योगहरू फस्टाउन सुरु गरेका छन्।

- कृषि सामग्रीहरू, मल बिउको आपूर्तिमा भएको सुधार, उखु तथा धानबालीको समर्थन मूल्य, कृषकलाई अनुदानको व्यवस्था, कृषि तथा पशुधनको बिमाको विस्तारसँगै कृषि क्षेत्रको व्यावसायिकरण हुँदै गएको छ। कृषिको क्रमिक व्यावसायिकरणले रोजगारीका अवसर थपिनुका अतिरिक्त औद्योगिक क्षेत्रको विकास र विस्तारमा सहयोग पुग्दै गएको छ।
- समग्रमा वित्तीय सङ्घीयता कार्यान्वयन सफलतापूर्वक अघि बढेको छ। सङ्घीयतामा गएका कतिपय मुलुकहरूमा दशकौंसम्म विवादमा रहने वित्तीय हस्तान्तरण र करको बाँडफाँटका विषयहरू सरकार गठन भएको १ वर्ष र बजेट ल्याएको ६ महिनाभित्र विधि, प्रक्रिया र सूत्रद्वारा स्थापित भइसकेको छ।
- आगामी २०७५ चैत १५-१६ मा हुने लगानी सम्मेलनको तयारी अघि बढिरहेको छ ।निजी लगानीका सम्भाव्य परियोजनाको विवरण तयार भइरहेको छ ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण र भेरी-बबई डाइभर्सन आयोजनाको सुरुङ निर्माण कार्य अन्तिम चरणमा पुगेको छ, पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यले गति लिएको छ र अरूण तेस्रो जलविद्युत आयोजनाको निर्माण कार्य सुरु भएको छ। मेलम्ची खानेपानी आयोजना सम्पन्न गर्न निर्माण व्यवसायीबाट सिर्जित समस्या समाधान गरी शीघ्र सम्पन्न गर्न कार्ययोजना बनाइएको छ।
- उच्चस्तरीय **"उद्योग-वाणिज्य प्रवर्द्धन सम्वाद परिषद्"** अन्तर्गत सार्वजनिक र निजी क्षेत्रबीच नियमित सम्वाद गरी आर्थिक विकास तथा लगानी प्रवर्द्धन गर्ने कार्ययोजनाहरू बनाइएको छ।
- व्यवसाय लागत कम गर्न तथा उद्योग दर्तादेखि वहिर्गमनसम्मका सेवा सुविधाहरू एकै स्थानबाट उपलब्ध गराउन अख्तियारप्राप्त अधिकारीहरूसहितको एकल विन्दु सेवाकेन्द्र सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।
- यो सरकार गठन भएपछि ४ सय ९९ उद्योग दर्ता भई रु. १ खर्ब ९८ अर्बको लगानी प्रस्ताव भएको छ। विदेशी लगानीतर्फ ४ सय १६ उद्योगले अनुमति लिई रु. ५१ अर्ब ८३ करोडको लगानी प्रस्ताव गरेका छन्।
- घरेलु तथा साना उद्योगको सङ्ख्या २१.३ प्रतिशतले वृद्धि भई ४१ हजार ६ सय ९९ बाट ५० हजार ५ सय ७४ पुगेको छ।
- भैरहवास्थित विशेष आर्थिक क्षेत्रको सबै ६९ प्लटमा ८ उद्योगले स्थापना गर्ने सम्झौता भई पूर्वाधार निर्माणको कार्य प्रारम्भ गरेका छन्। सिमराको विशेष आर्थिक क्षेत्रभित्र निर्माणाधीन गार्मेण्ट प्रोसेसिङ्ग केन्द्रको सडक निर्माणको कार्य ९३ प्रतिशत र भवन निर्माणको कार्य ४० प्रतिशत सम्पन्न भएको छ। पाँचखाल विशेष आर्थिक क्षेत्रको पूर्वाधार निर्माण कार्य सुरु भएको छ। धनकुटामा उद्योगग्राम स्थापनाको सम्पूर्ण पूर्वाधार निर्माण सम्पन्न भएको छ।

- उदयपुर सिमेण्ट उद्योगको उत्पादन क्षमता ४५० मेट्रिक टनबाट ६०० मेट्रिक टन प्रतिदिन वृद्धि भई कुल क्षमताको ७५ प्रतिशत उत्पादन गर्ने गरी सञ्चालन भइरहेको छ। हेटौंडा सिमेण्ट उद्योगको क्षमता वृद्धि गरी ९५ प्रतिशत क्षमता (६०० मेट्रिक टन प्रतिदिन) मा सञ्चालन गरिएको छ।
- गोरखकाली रबर उद्योगका ३ सय ४२ कर्मचारीहरूलाई अवकाश दिइएको छ। उद्योग सञ्चालनको उपयुक्त मोडालिटीका सम्बन्धमा अध्ययन भइरहेको छ।
- नेपाली धागोको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय बजार टर्कीमा धागोको निकासीमा देखापरेको अवरोध हटाई अन्तर्राष्ट्रिय बजार सुरक्षित गरिएको छ।
- वीरगञ्जस्थित एकीकृत भन्सार जाँच चौकी सञ्चालनमा आएको छ।
- नेपाल-बंगलादेशबीच अन्तर-सरकारी समितिको बैठकबाट व्यापार तथा पारवहनसम्बन्धी विषयहरूमा सहमति भएको छ। नेपाली धागोलाई बंगलादेशमा निर्वाधरूपमा निकासीको वातावरण तयार गर्ने, कृषि तथा अन्य विभिन्न नेपाली उत्पादनमा असुल हुँदै आएको उच्च भन्सार दर तथा अन्य प्रक्रियागत व्यवधानहरू समाधान गर्ने र नेपालका लागि बंगलादेशका बन्दरगाह तथा पारवहन मार्ग प्रयोग गर्ने विषयहरूलाई प्राथमिकता दिइएको छ।
- नेपाल र चीनबीच सन् २०१६ मार्च २१ मा सम्पन्न भएको समझदारी अनुरूप द्विपक्षीय व्यापारका लागि संयुक्त सम्भाव्यता अध्ययन सम्पन्न भएको छ। नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतका बीच लगानी वृद्धि, व्यापार प्रवर्द्धन र पारवहनमा सहजीकरण गर्ने सहमति भएको छ।
- नेपाल र संयुक्त राज्य अमेरिकाबीच भएको व्यापार तथा लगानी फ्रेमवर्क सम्झौता (Trade and Investment Framework Agreement) को वाणिज्य सचिवस्तरीय चौथो द्विपक्षीय बैठक सम्पन्न भएको छ। यस सम्झौताअन्तर्गत नेपालमा उत्पादन भई निकासी हुने ७७ वस्तुहरूका अतिरिक्त तयारी पोसाकको निर्यातमा पनि शून्य भन्सार सुविधा उपलब्ध गराउन प्रस्ताव गरिएको छ।
- भिशाखापटनम बन्दरगाह र वीरगञ्जका बीच निकासी पैठारी गर्दा विद्युतीय कार्गो ट्र्याकिङ्ग प्रणालीमार्फत् सोझै वीरगञ्जमा क्लियरेन्स गर्ने व्यवस्था गरिएको छ। यसै महिनादेखि कोलकाता र हल्दिया बन्दरगाहबाट रेलबाट हुने निकासी पैठारीमा विद्युतीय कार्गो ट्र्याकिङ्ग सुरु हुने व्यवस्था मिलाइएको छ।
- नेपाल र चीनबीच भएको पारवहन यातायात सम्झौताको प्रोटोकल मस्यौदाअनुरूप नेपालले चीनको रेल, बन्दरगाह र इनल्याण्ड वाटरवेज वा अन्य यातायातको माध्यम प्रयोग गरी जापान, कोरियालगायतका तेस्रो मुलुकहरूमा वस्तु निर्यात गर्न र ती मुलुकहरूबाट आयात गर्नसक्ने सहमति भएको छ । अब नेपालले चीनका सबै खुला सामुद्रिक बन्दरगाह प्रयोग गर्नसक्ने गरी

हाललाई तियान्जेन, सेनजेन, लियानयुगाङ्ग, झाङ्गजियाङ्ग गरी चार सामुद्रिक बन्दरगाह र लान्जाओ, ल्हासा र सिगात्से सुख्खा बन्दरगाह प्रयोग गर्न मार्गप्रशस्त भएको छ । नेपालका रसुवा, तातोपानी, यारीलगायतका ६ उत्तरी नाकाबाट व्यापार तथा पारवहन गर्न र नेपालका ढुवानीका साधन अनुमति लिएर चीनको सिगात्सेसम्म मालसामान ढुवानी गर्नसक्ने व्यवस्थासमेत भएको छ ।

- नेपाल र संयुक्त अरब इमिरेट्सबीच वाणिज्य सचिवस्तरमा व्यापार र लगानी प्रवर्द्धनका लागि भएको द्विपक्षीय बैठकमा नेपालको हिमाली मिनरल वाटर र अलैंचीलाई खाडी राष्ट्रहरूमा निकासी गर्ने र लगानी बढाउने सहमति भएको छ।
- नेपाल औषधि लिमिटेडबाट मिर्गौला रोगको उपचारमा प्रयोग हुने Haemodialysis Fluid उत्पादन गर्ने कार्य अगाडि बढाइएको छ। स्टार्टअप तथा ग्रामीण व्यवसाय प्रवर्द्धन कार्यक्रमबाट ५५ व्यवसाय सुरु भई ३ सय ६० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्।
- नवलपरासीको धौबादीमा करिब १० करोड मेट्रिक टन फलामको धाउको भौगर्भिक भण्डार पहिचान भएको छ। चीनमा गरिएको मेटालर्जिकल परीक्षणमा उक्त धाउबाट Sponge Iron उत्पादन गर्न सकिने पर्याप्त सम्भावना देखिएको छ।
- धादिङ जिल्लाको महादेवस्थान (कान्द्राङगढी) चूनढुङ्गा भण्डारको अन्वेषण कार्यअन्तर्गत ३१० मिटर ड्रिलिङ कार्य तथा करिब १०० हेक्टर क्षेत्रफलमा टोपो सर्भे र विस्तृत भौगर्भिक नक्साङ्कन कार्य सम्पन्न गरिएको छ। २५० कोर नमुनाको रासायनिक परीक्षण भइरहेको छ।
- दैलेख र तानसेन क्षेत्रमा विस्तृत पेट्रोलियम अन्वेषण तथा अन्य क्षेत्रमा भू-भौतिक कार्य गर्न नेपाल र चीन सरकारबीच सम्झौतापत्रमा हस्ताक्षर भई खानी तथा भूगर्भ विभाग र चिनियाँ जियोलोजिकल सर्भेबीच कार्ययोजना स्वीकृत भएको छ।
- विभिन्न १५ प्रकारका खनिजजन्य पदार्थहरूको खानीको उत्खननका लागि प्रस्ताव आह्वान गरिएको छ।
- थप २३ विभिन्न वस्तुहरूको नेपाल गुणस्तर स्वीकृत गरिएको छ।
- पेट्रोलियम पदार्थको ढुवानीमा हुने चुहावटलाई नियन्त्रण गर्न भारतबाट आउने सबै विन्दुहरूमा पेट्रोलियम ट्याङ्करहरूको लकिङ्ग प्रणाली लागु गरिएको छ।
- यस अवधिमा थप ८ हजार ७ सय १३ व्यापारिक फर्म दर्ता भएका छन्।
- भूकम्पबाट क्षतिग्रस्त तातोपानीस्थित सुक्खा बन्दरगाह निर्माण सम्पन्न भई २०१९ मे भित्रै सञ्चालनमा ल्याउने तयारी भएको छ। यसबाट लामो समयदेखि बन्द रहेको तातोपानी नाका पुनः खुला हुने सहमति भएको छ।
- काठमाडौंको चोभारमा कन्टेनर फ्रेट डिपो निर्माण कार्यको शिलान्यास भएको छ।

- पेट्रोलियम पदार्थको ढुवानी गर्न मोतिहारी-रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको २५.४ किलोमिटर निर्माण कार्य सम्पन्न भएको छ। आगामी ३ महिनाभित्र बाँकी कार्य सम्पन्न गर्ने लक्ष्यका साथ द्रुतगतिमा कार्य अगाडि बढेको छ।

## ६. कृषि, वन तथा वातावरण

- यस वर्ष कृषिको उत्पादन र उत्पाकदत्वमा उल्लेख्य सुधार भएको छ । धानको उत्पादन आ.व. २०७४/७५ भन्दा यस वर्षमा ८.९ प्रतिशतले वृद्धि भई ५६ लाख १० हजार मेट्रिक टन उत्पादन पुगेको छ। धानको उत्पादकत्वमा ७.४ प्रतिशतले वृद्धि भई ३.७६ मेट्रिक टन प्रति हेक्टर पुगेको छ। मकैको उत्पादन ३.५ प्रतिशतले वृद्धि भई २६ लाख ४४ हजार ८ सय मेट्रिक टन पुगेको छ भने उत्पादकत्वमा ४.८ प्रतिशतले वृद्धि भई २.८० मेट्रिक टन प्रति हेक्टर पुगेको छ। तरकारी उत्पादन १६.५ प्रतिशतले वृद्धि भई कुल ४७ लाख ७५ हजार ६ सय २१ मेट्रिक टन पुगेको छ। तरकारीको उत्पादकत्व ९.५ प्रतिशतले वृद्धि भएको र ६.४ प्रतिशतले क्षेत्र विस्तार भएको छ।
- रसायनिक मल, बिउ तथा सिँचाइको आपूर्ति तथा व्यवस्थापनमा सुधार भएको छ। युरिया मलको आपूर्ति ११.३ प्रतिशत, डि.ए.पी. को ३२ प्रतिशत र पोटासको आपूर्तिमा शत प्रतिशतले वृद्धि गरी कृषकहरूलाई अनुदानित मल समयमा नै उपलब्ध गराइएको छ। कृषकहरूलाई २ हजार ४ सय १६ मेट्रिक टन बिउ उपलब्ध गराइएको छ। ५२.२५ मेट्रिक टन स्रोत बिउ उत्पादन गरी विभिन्न बिउ उत्पादन गर्ने कम्पनीहरूलाई उपलब्ध गराई १४ हजार ५ सय मेट्रिक टन उन्नत बिउ कृषकहरूलाई उपलब्ध गराइएको छ।
- सबै जिल्लाहरूमा १ हजार २ सय २४ साना सिँचाइ, तराईका २० जिल्लाहरूमा २ हजार ७ सय स्यालो ट्युबवेल र ३ जिल्लाहरूमा ४ डीप ट्युबवेल जडान गरी करिब २० हजार हेक्टरमा थप सिँचाइ सुविधा उपलब्ध गराइएको छ।
- मोरङको कटहरीमा तरकारी, फलफूल थोक तथा हाट बजार निर्माण भएको छ। झापाको दमक र धनुषाको महेन्द्रनगरमा पशुपन्छी बजारको पूर्वाधार निर्माण भएको छ। रूपन्देहीको बुटवलस्थित कृषि थोक बजार स्तरोन्नति गरिएको छ।चोभारमा फलफूल र पुष्प बजारको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत कृषि यान्त्रिकीकरणमा जोड दिन १९ कस्टम हायरिङ्ग सेन्टर स्थापना भइसकेको छ भने थप २५ निर्माणाधीन रहेका छन्। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत २ जिल्लाहरूमा शीतभण्डार गृह निर्माण भइरहेको छ भने थप ११ निर्माणका लागि छनौट गरिएका छन्।

- कृषिमा व्यावसायिक फार्म निर्माण गरी उच्च मूल्यका कृषि वस्तु उत्पादनका लागि ५०० समूह, सहकारी तथा निजी फार्महरूलाई रु. ५० करोड पूरक अनुदान उपलब्ध गराइएको छ। कृषि तथा पशुपन्छीको व्यावसायीकरणमा वृद्धिका लागि कृषकहरूलाई कृषि तथा पशुपन्छी बिमाका लागि रु. ३५ करोड अनुदान उपलब्ध गराइएको छ।
- दूध सङ्कलन तथा चिस्यान केन्द्र स्थापना, मासु पसल सुधारजस्ता कार्यक्रमहरू सञ्चालन गर्न विदेशबाट फर्केका एवं शिक्षित बेरोजगार युवा लक्षित पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने कार्यक्रम अनुरूप रु. २ लाखका दरले २ सय २५ युवा कृषकलाई अनुदान उपलब्ध गराइएको छ।
- बजारमा गुणस्तरीय दूधको आपूर्ति बढाउन र दुग्ध उत्पादन व्यवसाय दिगो र व्यावसायिक रूपमा अगाडि बढाउन दूध उत्पादन र बजारीकरणका आधारमा अनुदान पाइलट कार्यक्रममा ३ सय १७ प्रस्तावहरूमध्ये १ सय ९९ सहकारी संस्था छनौट भई प्रतिलिटर दूध रु. १ का दरले रु. ७ करोड अनुदान वितरण गरिएको छ। बढी दूध उत्पादन हुने सिजनमा पाउडर दूध उत्पादन गरी मिल्क होलिडे अन्त्य गरिएको छ।
- पशुपन्छीको रोग नियन्त्रणका लागि रेविज, रानीखेत, पि.पि.आर. क्लासिकल स्वाइन फिवरलगायतका १३ प्रकारका रोग विरुद्धको ३ करोड ५२ लाख डोज खोप उत्पादन भई प्रदेश तथा स्थानीय तहहरूको सहकार्यमा खोप कार्य भइरहेको छ।
- मासु तथा दूधको उत्पादन वृद्धिका लागि विश्वविख्यात जातहरू बोयर बाख्राको Nucleus Herd पोखरामा र जर्सी गाईको Nucleus Herd जितपुरमा स्थापना गरिएको छ।
- प्राङ्गारिक कृषि उत्पादन प्रवर्द्धनका लागि **"नेपाल असल कृषि अभ्यास"** निर्देशिका जारी भई नेपाल असल कृषि अभ्यास लोगो सार्वजनिक गरिएको छ।
- ८ जिल्लाका १२ चिनी उद्योगमा उखु विक्री गर्ने कृषकहरूलाई अनुदान वितरण गर्न प्रति क्विन्टल रु. ६५.२८ का दरले कुल रु. ९२ करोड ७ लाख २० हजार रुपैयाँ सम्बन्धित जिल्लामा पठाइएको छ।
- मोटो धानको प्रति क्विन्टल २ हजार ३ सय ३२ रुपैयाँ २२ पैसा र मसिनो धानको २ हजार ४ सय ६० रुपैयाँ ५७ पैसा न्यूनतम समर्थन मूल्य तोकिएको छ। त्यस्तै उखुको ५ सय ३६ रुपैयाँ ५६ पैसा प्रति क्विन्टल र दूधको ५२ रुपैयाँ प्रति लिटर न्यूनतम खरिद मूल्य कायम गरिएको छ।
- जर्सी तथा होलस्टिन गाई र मुर्रा भैंसीको नश्ल सुधारका लागि आवश्यक पर्ने जमेको वीर्य २ लाख ४८ हजार २ सय ७० डोज उत्पादन भएको छ र २ लाख ११ हजार ४ सय पशुहरूमा कृत्रिम गर्भाधान गराइएको छ।

- बङ्गुर सुँगुरमा लाग्ने अफ्रिकन स्वाइन फिवर रोग भित्रिन नदिन रोग भएका मुलुकबाट बङ्गुर र बङ्गुरजन्य उत्पादनहरूको आयातमा राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाई नेपालको बङ्गुर पालन व्यवसायलाई संरक्षण गरिएको छ।
- पशुपन्छी पालनमा भएको व्यावसायिकरण सँगसँगै भएको उत्पादन वृद्धिबाट राँगा, भैंसी, पाडा पाडीको आयातमा ८.५ प्रतिशत, बोका र बाख्राको आयातमा २८.४ प्रतिशत र बङ्गुर, सुँगुरको आयातमा ७२.५ प्रतिशतले कमी आएको छ।
- यस अवधिमा रु. १३ अर्ब २ करोड १० लाख बराबरको कृषि बाली तथा पशुधनको बिमा गरिएको छ।
- फलफूल तथा तरकारी बजारको अनुगमन गरी नियम विपरीत सञ्चालन गर्ने ९८ व्यवसायीलाई कारबाही प्रक्रिया अगाडि बढाइएको छ। १ सय ३१ व्यवसायीलाई सचेत गराइएको छ र ५८ स्टल खारेज गरिएको छ।
- विभिन्न पशु प्रयोगशालाहरूबाट विभिन्न रोगका लागि कुल ११ हजार ५ सय ४७ नमुनाहरू केन्द्रीय र अन्य प्रयोगशालाबाट परीक्षण भएको छ। स्वस्थ दूध र मासुको उपलब्धताका लागि मासु र दूधमा Antibiotic Residue परीक्षण गर्न उपत्यकाका विभिन्न ३२ स्थानबाट मासुका नमुना र १ सय २० स्थानबाट दूधका नमुना लिई परीक्षण गरिएको छ।
- न्यूनतम मापदण्डभन्दा कम गुणस्तरको दूध प्रशोधन तथा बिक्री वितरण गर्ने २५ दुग्ध उद्योगहरूलाई कारबाहीको दायरामा ल्याउने प्रक्रिया सुरु गरिएको छ।
- गुणस्तरयुक्त प्रशोधित पिउने पानी उत्पादनका लागि केन्द्रीय खाद्य प्रयोगशालाले ८० सूक्ष्म जैवीक विश्लेषण र रासायनिक विश्लेषण पारामिटरहरूमा अन्तर्राष्ट्रिय मान्यता (एक्रेडिटेशन) प्राप्त गरेको छ।
- यस अवधिमा १ करोड ४ लाख ७२ हजार क्युविक फिट काठ र ४२ हजार मेट्रिक टन दाउरा सङ्कलन भएको छ। यस अवधिमा काठ, दाउरा, जडीबुटी र पर्यापर्यटनबाट कुल रु. २ अर्ब ६० करोड राजस्व सङ्कलन भएको छ, रु. ७ अर्ब ७० करोड बराबरको जडीबुटी तथा गैरकाष्ठ वन पैदावार निर्यात भएको छ।वन क्षेत्रमा करिब १ करोड २० लाख श्रमदिन बराबरको रोजगारी सिर्जना भएको छ।
- बाघको सङ्ख्या २०७० मा १९८ रहेकोमा २०७५ मा २३५ पुगेको छ। गैंडाको चोरी शिकार शून्यमा झारिएको छ। पर्सा राष्ट्रिय निकुञ्जमा वन्यजन्तु उद्धार केन्द्रको स्थापना भएको छ। घडियाल गोही, हाब्रे, गैंडा र सालक प्रजातिको संरक्षणको विशेष योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

- कोसी टप्पू वन्यजन्तु आरक्ष, शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज र कृष्णसार संरक्षण क्षेत्रको व्यवस्थापन योजना स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- राष्ट्रिय निकुञ्ज र आरक्षहरूमा ४० किलोमिटर सोलार फेन्सिङ गरिएको छ। वन्यजन्तुबाट मृत्यु भएका मृतकका परिवार र घाइते भएकाहरूलाई रु.१३ करोड राहत उपलब्ध गराइएको छ। यसै वर्षबाट घाइतेहरूको निःशुल्क उपचार गर्न सुरु गरिएको छ।
- यसै अवधिमा करिब १ हजार २ सय ५० हेक्टर अतिक्रमित वन क्षेत्र पुनर्स्थापित गरिएको, रुख/जडीबुटी प्रजातिका १ करोड ९२ लाख विरुवा उत्पादन गरिएको र करिब २ हजार हेक्टर खाली वनक्षेत्रमा वृक्षारोपण गरिएको छ।
- गोदावरीस्थित राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा ६ हजार ८ सय ९१ हर्वेरियम नमुनाहरू डिजिटाइजेसन कार्य सम्पन्न भएको छ।
- वनस्पति प्रमाणीकरणका लागि थप ३ प्यारामिटरमा आई.एस.ओ. १७०२५ र २००५ मान्यता प्राप्त भएको छ भने १ हजार ७ सय ४३ विभिन्न जडीबुटी प्रजातिका नमुनाहरूको परीक्षण, विश्लेषण, प्रमाणीकरण, गुण निर्धारण तथा सिफारिस गरी विदेश निकासी प्रवर्द्धनमा योगदान गरिएको छ।
- चुरे क्षेत्रमा १८ किलोमिटर तटबन्ध निर्माण, ३ सय पानीको मुहान संरक्षण, १ सय ५० स्थानमा पहिरो व्यवस्थापन र १ सय ६४ नदी प्रणालीको नक्साङ्कन गरिएको छ।
- पर्सा राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जलाई प्राकृतिक चिडियाखानाको रूपमा विकास गरिएको छ। सूर्यविनायक प्राणी उद्यानको गुरुयोजना तयार भएको छ।
- ६ लाख ३० हजार विदेशी पर्यटकसहित २० लाखभन्दा बढी पर्यटकले संरक्षित क्षेत्र, वनस्पति उद्यान र सदर चिडियाखानाको भ्रमण गरेका छन्।
- सःमिल, फर्निचर, हर्बल प्रोसेसिङलगायत वनमा आधारित ६ सय ५० उद्योगहरू स्थापना भएका छन्।
- ३७ विकास आयोजनाहरूलाई ४ सय ८१ हेक्टर वन क्षेत्रको जग्गा उपलब्ध गराइएको छ।
- विभिन्न ३२ आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन र ६ आयोजनाहरूको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरिएको छ। वातावरण संरक्षण ऐन विपरीत कार्य गर्ने १७ उद्योगहरूलाई कारबाही गरिएको छ।
- चीन सरकारलाई उपहारस्वरूप दुई जोडी गैंडा उपलब्ध गराइयो।

- नेपाल जैवीक विविधता तथा आनुवंशिक स्रोतको अधिकारसम्बन्धी नागोया अभिसन्धि (Nagoya Protocol) को पक्षराष्ट्र भएको छ। वनमा आधारित कार्बन व्यापारका लागि विश्व बैङ्कसँग नेपालको समझदारी भएको छ।
- करिब ११ हजार हेक्टर राष्ट्रिय वन १ सय २१ सामुदायिक वन उपभोक्ता समूहहरूलाई हस्तान्तरण गरी २६ हजार घरधुरीको काठ दाउरालगायत वन पैदावारमा दिगो पहुँच वृद्धि भएको छ।
- ७ सय ५० सामुदायिक वन कार्ययोजनाको नवीकरण गरी १ लाख ८० हजार घरधुरी लाभान्वित भएका छन्। ६२ कबुलियति वन समूहको विधान तथा जीविकोपार्जन सुधार योजना तयार भई १ सय ५४ परिवार लाभान्वित भएका छन्। ३ सय ५ कबुलियति वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन गरी करिब २ हजार १ सय ३५ विपन्न परिवार लाभान्वित भएका छन्।
- १ सय १७ स्थानीय जलवायु अनुकूलन योजनाको कार्यान्वयन भई स्थानीयस्तरमा सिँचाइ, कृषि, पशुपालन, वन व्यवस्थापन र जडीबुटीको एकीकृत रूपमा व्यवस्थापन भई २० हजार घरधुरीको जीविकोपार्जनमा टेवा पुगेको छ।
- भूकम्पपीडितहरूलाई ८ लाख ५० हजार क्युविक फिट काठ सहुलियत दरमा उपलब्ध गराइएको छ।

## ७. महत्त्वपूर्ण भौतिक पूर्वाधार निर्माण

### यातायात पूर्वाधार

- यस अवधिमा नयाँ र स्तरोन्नति गरी ७ सय ७ किलोमिटर सडक कालोपत्रे गरिएको छ। जसमध्ये, मध्यपहाडी राजमार्ग ६३ किलोमिटर, मदन भण्डारी राजमार्ग १२ किलोमिटर, हुलाकी राजमार्ग ५८ किलोमिटर र नाराणगढ-मुग्लिङ्ग सडक ३२ किलोमिटर कालोपत्रे गरिएको छ।
- राष्ट्रिय राजमार्ग तथा स्थानीय सडकमा ९२ पुलको निर्माण कार्य सम्पन्न भएको छ। पूर्व पश्चिम राजमार्गको २ सय २५ मिटर लामो रातु खोला पुल, ४ सय मिटर लामो मरिन खोला पुल, ५ सय मिटर लामो कमला पुल र ३ सय ५० मिटर लामो भेरी नदी पुलको निर्माण कार्य ठेक्का सम्झौता अवधिभन्दा क्रमशः १८ महिना, १५ महिना, १५ महिना र एक वर्ष अगावै सम्पन्न भएका छन्। यसबाट सार्वजनिक निर्माणको ठेक्का व्यवस्थापनमा उल्लेखनीय रूपमा सुधार हुन थालेको स्पष्ट भएको छ।
- नेपाली इन्जिनियरहरूद्वारा नै डिजाइन भएको दूधकोसी नदीको जयराम घाटमा १ सय २० मिटर लामो मोटरेबल सस्पेन्सन बृजको निर्माण नेपाली निर्माण व्यवसायीबाटै सम्पन्न भएको

छ। नेपाली इन्जिनियर र निर्माण व्यवसायीबाट पुल निर्माणमा प्रि-स्ट्रेस, आर्क, सस्पेन्सनजस्ता नयाँ प्रविधिको प्रयोग गरी कार्यान्वयन गर्न सुरु गरिएको तथ्यले पूर्वाधार निर्माणमा राष्ट्रको क्षमता र आत्मविश्वास अभिवृद्धि भएको पुष्टि गरेको छ।

- यस अवधिमा ८ सय ७९ किलोमिटर खण्डाश्मित (ग्राभेल) सडक निर्माण सम्पन्न भएको छ। जसमध्ये हुलाकी राजमार्गमा १ सय ७६ किलोमिटर, मदन भण्डारी राजमार्गमा ८३ किलोमिटर, मध्यपहाडी राजमार्गमा ७५ किलोमिटर र उत्तर-दक्षिण कोसी सडकमा ५८ किलोमिटर खण्डाश्मित गरिएको छ।
- यस अवधिमा ७ सय १७ किलोमिटर सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ। जसमध्ये उत्तर-दक्षिण कोसी सडक खण्डमा २९ किलोमिटर, कालीगण्डकी करिडोरमा २० किलोमिटर र हिल्सा-सिमिकोट सडक खण्डमा ८ किलोमिटर नयाँ ट्र्याक खोल्ने तथा ग्रेड मिलाउने काम सकिएको छ।
- त्रिभुवन राजपथअन्तर्गत थानकोट-नौबिसे खण्डको नागढुङ्गामा २.६० किलोमिटर लामो सुरुङ मार्ग निर्माण कार्यको लागि जग्गाको मुआब्जा निर्धारण भई वितरण भइरहेको छ। निर्माण व्यवसायी छनौट कार्य अन्तिम चरणमा पुगेको छ।
- पाँच वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी निर्माण भइरहेको ७६.२ किलोमिटर लामो काठमाडौं-तराई-मधेश द्रुतमार्गको जग्गा अधिग्रहण र रुख कटान कार्य ९५ प्रतिशतभन्दा बढी सम्पन्न भइसकेको छ। सडकको ५४ किलोमिटर खण्डभित्र कटिङ्गको कार्य ७५ प्रतिशत सम्पन्न भएको छ।
- त्रिशुली-स्याफ्रुवेशी-रसुवागढी सडक (मैलुङ्ग खोला-स्याफ्रुवेशी खण्ड) को १० किलोमिटर डबल लेनसहित १७ किलोमिटर सडक निर्माण कार्य सम्पन्न भएको छ। जाजरकोट-डोल्पा-दुनै सडकको ११७.७ किलोमिटरमध्ये जाजरकोटको पासागाडदेखि डोल्पाको त्रिपुराकोट/सुपानीसम्मको १०३.४ किलोमिटर सडक खण्डको ट्र्याक खोल्ने कार्य सम्पन्न भई यातायात सञ्चालन भएको छ। उक्त ट्र्याक निर्माण सम्पन्न भएसँगै डोल्पाको सदरमुकाम दुनै राष्ट्रिय सडक सञ्जालसित जोडिएको छ।
- कर्णाली करिडोर सडकमा थप २३ किलोमिटर ट्र्याक खोली कुल ९५.५ किलोमिटर ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ। कालिगण्डकी करिडोर सडकको १० किलोमिटर सडक खण्ड १० मिटर चौडा गर्ने कार्य सम्पन्न भएको छ। बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडकको हावाडाँडादेखि लार्के भञ्ज्याङतर्फ १९.३ किलोमिटरसम्म ट्र्याक खोल्ने कार्य भएको छ।

- जयनगर-जनकपुर-बर्दिबास रेलमार्गको ६९ किलोमिटरमध्ये जयनगर-जनकपुर-कुर्था ३५ किलोमिटर खण्डको निर्माण सम्पन्न भएको छ। उक्त खण्डमा रेल सेवा सञ्चालन गर्न रेल इन्जिन र डिब्बा खरिद प्रक्रिया अगाडि बढेको छ।
- पूर्व-पश्चिम रेलमार्गअन्तर्गत बर्दिबास-निजगढको बर्दिबास-लालबन्दी खण्डमा २५.५० किलोमिटर ट्र्याक बेड निर्माण कार्य सम्पन्न भएको छ। बर्दिबास-निजगढ खण्डमा ९ नयाँ पुलहरूको ठेक्का सम्झौता भई निर्माण प्रारम्भ भएको छ।
- पूर्व-पश्चिम रेलमार्गको बुटवल-गड्डाचौकी ४ सय २० किलोमिटर खण्डमध्ये लमही-कोहलपुर-नेपालगञ्ज लिङ्कसहित सुख्खड-गड्डाचौकी खण्डको २ सय १० किलोमिटरको विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ।
- केरुङ-रसुवागढी-काठमाडौं रेलमार्ग र रक्सौल-वीरगञ्ज-काठमाडौं रेलमार्गको पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भई विस्तृत अध्ययनको चरणमा पुगेको छ।
- काठमाडौं मेट्रोरेलअन्तर्गत सातदोबाटो-रत्नपार्क-नारायणगोपाल चोक १२ किलोमिटरको विस्तृत परियोजना प्रतिवेदन तयारी र सातदोबाटो-खोकना तथा नारायणगोपाल चोक-बूढानीलकण्ठ ११ किलोमिटरको सम्भाव्यता अध्ययनका लागि आशयपत्र माग गरिएको छ।
- नेपाल पानीजहाज कार्यालय काठमाडौंमा स्थापना गरिएको छ। भारतको कोलकाताबाट साहेबगञ्जसम्मको जलमार्गमा नेपालले यातायात सञ्चालन गर्न सक्ने गरी विद्यमान पारवहन सम्झौतामा थप व्यवस्था गर्ने सहमति भएको छ। नजिकका भारतीय बन्दरगाहदेखि कोसी र गण्डकी नदीहरूमा जल यातायात सञ्चालन गर्न नेपाल-भारतको संयुक्त टोलीले प्राविधिक अध्ययन गरिरहेको छ।
- सार्वजनिक यातायातलाई व्यवस्थित गर्न सिण्डिकेट अन्त्य गरिएको छ। काठमाडौं उपत्यकालगायतका सहरहरूको ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउन यातायात प्राधिकरण गठनको प्रक्रियामा रहेको छ। वातावरणमैत्री ठूला सवारी साधनको प्रयोग गरी सहरी यातायातलाई व्यवस्थित गर्न ३ सय विद्युतीय बस खरिद प्रक्रियामा रहेको छ। सडक दुर्घटनाको सूचना र जानकारीसम्बन्धी सफ्टवेयर तयार गरी उद्धार कार्यलाई व्यवस्थित बनाइएको छ।

### ऊर्जा, जलस्रोत तथा सिँचाइ विकास

- सरकार गठन भएपछिका ३ वर्षमा ३ हजार मेगावाट, ५ वर्षमा ५ हजार मेगावाट तथा १० वर्षमा १५ हजार मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्यसहित ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको भावी मार्गचित्र जारी गरी कार्यान्वयनलाई तीब्रता दिइएको छ।

- १३ मेगावाट क्षमताको मद्क्यु खोला, ८ मेगावाट क्षमताको माई साना कास्केड, ७.८ मेगावाट क्षमताको सुपर माई, ७ मेगावाट क्षमताको मोलुंग खोला, १.५ मेगावाट क्षमताको ठूले खोला, ९ सय ६० किलोवाट क्षमताको विष्णुप्रिया सोलार फार्म आयोजना र ४० किलोवाट क्षमताको लेगुवा खोलाबाट गरी जम्मा थप ३८.३ मेगावाट विद्युत राष्ट्रिय ग्रीडमा जोडिएको छ। यसै आर्थिक वर्षभित्र माथिल्लो त्रिशुली ३ए बाट ६० मेगावाट र कुलेखानी तेस्रोबाट १४ मेगावाटसमेत गरी थप सय मेगावाट विद्युत राष्ट्रिय ग्रीडमा जोड्ने लक्ष्यसहित कार्य भइरहेको छ। ३७ मेगावाटको माथिल्लो त्रिशुली ३बी जलविद्युत आयोजनाको शिलान्यास भएको छ।
- ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत आयोजनाबाट २०७६ पुसदेखि विद्युत उत्पादन सुरु गर्ने गरी कार्यान्वयनलाई तीव्रता दिइएको छ।
- १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना प्रभावित ७ हजार ५ सय ६५ जग्गाधनीहरूलाई २४ हजार ९ सय ८३ रोपनी जग्गा अधिग्रहण गरेबापत रु. १५ अर्ब ५५ करोड रकम मुआब्जा वितरण गरिएको छ।
- यस अवधिमा २ सय २० के. भी. क्षमताको ७४ सर्किट किलोमिटर र १३२ के.भी. क्षमताको २२६ सर्किट किलोमिटर प्रसारणलाइन निर्माण भएको छ। आठवटा ग्रीड सबस्टेसनहरूको रिइन्फोर्समेन्ट गरिएको छ। थप ५ हजार १ सय किलोमिटर विद्युत वितरण लाइन निर्माण भई थप ३ लाख २५ हजार घरधुरीहरूमा विद्युत सेवा उपलब्ध गराइएको छ। नेपालको प्रतिव्यक्ति विद्युत खपत १ सय ७७ किलोवाट घण्टाबाट २ सय  किलोवाट घण्टा पुगेको छ।
- ढल्केवर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारणलाइनबाट ३ सय मेगावाटसम्म विद्युत आदानप्रदान गर्न सक्ने गरी ढल्केबर सबस्टेसनलाई २ सय २० के.भी. क्षमतामा स्तरोन्नति गरिएको छ। यो सबस्टेसन २०७६ चैतसम्म ४ सय के.भी. क्षमतामा स्तरोन्नति गर्ने गरी कार्यान्वयनमा तीव्रता दिइएको छ।
- बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारणलाइनको निर्माणका लागि भारतीय भूभागमा पर्ने प्रसारणलाइनको लगानी तथा कार्यान्वयनको विधिका सम्बन्धमा भारत सरकारसँगको छलफल अन्तिम चरणमा पुगेको छ। लम्की-बरेली ४ सय के.भी. र दुहवी-पूर्णिया ४ सय के.भी अन्तरदेशीय प्रसारणलाइनको अध्ययन सुरु गरिएको छ। केरुङ-रसुवागढी-रातमाटे ४ सय के.भी. अन्तरदेशीय प्रसारणलाइनको पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भई विस्तृत अध्ययनको चरणमा पुगेको छ।
- नेपाल सरकारको अनुरोधमा भारतले छिमेकी मुलुकसँगको विद्युत आयात निर्यातका लागि यसअघि जारी गरेको निर्देशिकालाई परिमार्जन गरेकाले नेपालमा उत्पादन भएको विद्युत भारतलगायत अन्य मुलुकमासमेत निर्यात गर्न मार्ग प्रशस्त भएको छ। नेपाल भारतबीचको विद्युत व्यापार सम्झौता कार्यान्वयनका लागि नेपाल र भारतबीच इनर्जी बैंकिङ्गसम्बन्धी अवधारणापत्रमा सैद्धान्तिक समझदारी भएको छ।

- चीन सरकार र बंगलादेश सरकारसँग ऊर्जा क्षेत्रको सहकार्यसम्बन्धी समझदारीपत्रहरूमा हस्ताक्षर भएको छ।
- वैकल्पिक ऊर्जातर्फ थप ८६ हजार २ सय २३ घरेलु सौर्य ऊर्जा, ५४ हजार ३ सय ७४ सुधारिएको चुलो र ११ हजार ७ सय ४३ घरेलु वायोग्याँस जडान भएको छ। थप ३ सय ४१ पर्यटकीय क्षेत्रमा सौर्य ऊर्जा प्रणाली जडान गरिएको छ।
- लक्षित वर्ग कार्यक्रमअन्तर्गत १ हजार ६ सय ३० घरपरिवारमा बायोग्यास प्लान्ट, २० हजार सौर्य विद्युत प्रणाली र २२ हजार ९ सय ८५ फलामे चुलो जडान गरी विद्युत तथा स्वच्छ ऊर्जा उपलब्ध गराइएको छ। **"शिक्षाको लागि ऊर्जा"** कार्यक्रमअन्तर्गत १२ हजार ६ सय सौर्य ऊर्जा प्रणाली तथा विपन्न, दलित र सीमान्तकृत समुदायमा सिँचाइका लागि २ सय १२ सौर्य पम्प जडान कार्य गरिएको छ। **"स्वास्थ्यको लागि नवीकरणीय ऊर्जा"** कार्यक्रमअन्तर्गत सरकारी तथा सामुदायिक अस्पतालहरूका ९१ स्थानमा सौर्य ऊर्जा प्रणाली जडान गरिएको छ।
- लघु जलविद्युत आयोजनाबाट ५६ हजार ६ सय ९४ मेट्रिक टन बराबरको कार्बन उत्सर्जन न्यूनीकरण गरेबापत युरो १ लाख ३९ हजार ४ सय ६७ आम्दानी भएको छ।
- थप ३४ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भएको छ। कुल १ सय ३७ सिँचाइ आयोजनाको पुनर्स्थापना भई १० हजार ६ सय हेक्टर कृषियोग्य जमिनमा व्यवस्थित सिँचाइ सुविधा पुगेको छ।
- भेरी-बबई डाइभर्सन आयोजनाको ८.१ किलोमिटर सुरुङ निर्माण भई कुल १२.२ किलोमिटरमध्ये हालसम्म ११.१ किलोमिटर सुरुङ निर्माण सम्पन्न भएको छ। सुरुङ निर्माणको बाँकी कार्य ठेक्का सम्झौता अवधिको एक वर्ष अगावै सम्पन्न गर्ने गरी कार्यलाई तीव्रता दिइएको छ । डाइभर्सन हेडवर्कस, पावर हाउस तथा एसेसरिज निर्माण कार्यको डिजाइन सम्पन्न गरी खरिद प्रक्रिया अघि बढाइसकिएको छ ।
- बबई सिँचाइ आयोजनाको मूल नहरको ५ किलोमिटर निर्माण कार्य सम्पन्न भएको छ।
- सिक्टा सिँचाइ आयोजनाको पूर्वी मूल नहरको १५ प्रतिशत कार्य सम्पन्न भएको छ। पश्चिमी मूल नहरमा देखिएको प्राविधिक समस्या समाधानका लागि पहल भइरहेको छ।
- सुनकोसी-मरिन डाइभर्सन आयोजनाको विस्तृत आयोजना प्रतिवेदनको मस्यौदा तयार भएको छ। यसै वर्ष निर्माणको खरिद प्रक्रिया अगाडि बढाइनेछ। सुनकोसी-कमला डाइभर्सन आयोजनाको पूर्वतयारीको कार्य भइरहेको छ।
- कालीगण्डकी-तिनाउ डाइभर्सन आयोजनाको विस्तृत अध्ययनको स्थलगत प्रतिवेदन तयार भई डाइभर्सन सुरुङ मार्गको भौगर्भिक अध्ययन सुरु भएको छ।

- नदी नियन्त्रण कार्यक्रमतर्फ थप ३० किलोमिटर तटबन्ध निर्माण भएको छ। पूर्वी तराई नदी नियन्त्रण आयोजनाअन्तर्गत विरिङ्ग, कन्काइ, रतुवा-मावा, किस्नी नदी नियन्त्रणका लागि सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भएको छ।

- देशका विभिन्न नदीका ४३ स्थानमा स्वचालित जलमापन केन्द्रहरू स्थापना गरिएका छन्। कोसी र पश्चिम राप्ती नदीमा बाढी पूर्वानुमान केन्द्रहरू स्थापना गरिएका छन्।

- प्रत्येक ६/६ महिनामा हुनुपर्ने नेपाल-भारत संयुक्त जलस्रोत समितिको बैठक विगत ६ वर्षदेखि हुन नसकेकोमा यसै वर्षको पुसमा बैठक बसेको छ। संयुक्त बैठकबाट खाँडो, वाणगंगा तथा पश्चिम राप्ती नदी नियन्त्रण कार्यमा भारतीय सहयोग सुनिश्चित भएको छ। महाकाली नदीको टनकपुर व्यारेजबाट नेपाललाई उपलब्ध हुने पानी प्राप्त गर्न लिङ्क नहर जोडिने स्थानको निक्यौंल १ महिनाभित्र गर्ने सहमति भएको छ। पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको लाभ र लागत बाँडफाँटलगायतका विषयहरूमा सहमति जुटाई आयोजना कार्यान्वयनलाई गति दिन संयुक्त प्राविधिक टोलीको बैठक यही फेब्रुअरी महिनामा बस्ने सहमति भएको छ।

- नेपाल-भारत संयुक्त प्राविधिक टोलीबाट सीमा क्षेत्रमा हुने नदी कटान तथा डुबानका समस्याबारे स्थलगत अनुगमन गरी समाधानको कार्ययोजना तयार गरी कार्यान्वयन प्रारम्भ गरिएको छ।

- कर्णाली प्रदेशको राजधानी सुर्खेतमा मौसम पूर्वानुमानका लागि मौसमी राडारको स्थापना गरिएको छ।

सहरी पूर्वाधार

- यस अवधिमा सघन सहरी विकास कार्यक्रमअन्तर्गत तराईका २१ नगरपालिकाहरूमा ८६ किलोमिटर सडक र १ सय ५६ किलोमिटर ढल/नाला थप निर्माण भएको छ।

- काभ्रे उपत्यका र धरान खानेपानी आयोजनाअन्तर्गत थप ५९ किलोमिटर पाइपलाइन विस्तार कार्य सम्पन्न भएको छ। यसबाट थप १ लाख ६० हजार जनसङ्ख्यालाई खानेपानीको सुविधा पुग्नेछ।

- एकीकृत सहरी विकास योजनाअन्तर्गत विराटनगर, नेपालगञ्ज र जनकपुरधाममा यस अवधिमा २ सय ७३ किलोमिटर सतह ढल र ७० किलोमिटर सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ।

- बाग्मती, धोबीखोला र विष्णुमती नदी किनारामा ६ किलोमिटर सडक निर्माण, ३ किलोमिटर नदी नियन्त्रण, २ किलोमिटर ट्र्याक खोल्ने कार्य, ८ स्थानमा घाट निर्माण र ३ स्थानमा हरियाली पार्क निर्माण सम्पन्न गरिएको छ।

- लुम्बिनी, निजगढ, पालुङटार, धनकुटा, मिर्चैया, चन्द्रपुर, काभ्रे उपत्यका (बनेपा, धुलिखेल र पनौती), वालिङ्ग, दुल्लु, अमरगढी र टीकापुर गरी १३ सहरहरूलाई स्मार्ट सहरका रूपमा विकास गर्ने अध्ययन सम्पन्न भई निर्माण कार्य प्रारम्भ भएको छ।

- १ सय ८५ नगरपालिकाको एकीकृत सहरी विकास योजना तर्जुमा सम्पन्न भएको छ।  प्रत्येक नगरपालिकामा आयोजना बैङ्क तयार गर्ने कार्य सुरु भएको छ।
- विभिन्नस्तरका १ सय २ स्वास्थ्य भवन, १४ सरकारी कार्यालय भवन र नारायणहिटी दरबार सङ्ग्रहालय परिसरमा गणतन्त्र स्मारक निर्माण सम्पन्न भएको छ।
- सङ्घीय संसद भवनको डिजाइन तयार भई खरिद प्रक्रिया प्रारम्भ भएको छ। ललितपुरको पुल्चोकमा राजकीय अतिथि गृह, सैंबु भैंसेपाटीमा २७ मन्त्री क्वार्टर, प्रदेश प्रमुख र मुख्यमन्त्री सम्पर्क कार्यालयहरू र भक्तपुरको सानोठिमीमा ५ हजार क्षमताको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माणका लागि डिजाइन कार्य सुरु भएको छ। दमक भ्यू-टावरको डिजाइन कार्य सम्पन्न भई निर्माणका लागि बोलपत्र आह्वान गरिएको छ ।
- जनता आवास कार्यक्रमअन्तर्गत यस अवधिमा ४ हजार ८ सय १५ आवास एकाइ निर्माण भएका छन्।
- "सुरक्षित नागरिक आवास कार्यविधि, २०७५" स्वीकृत भएको छ। गरिबीको रेखामुनि रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउन प्रति आवास निर्माणका लागि रु. ५० हजार अनुदान दिन सुरु गरिएको छ।
- "जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकाससम्बन्धी कार्यान्वयन कार्यविधि, २०७५" कार्यान्वयन गरी सेवा सुविधा पुऱ्याउन कठिन, विकासका निम्ति बाधक, अपायक र असुरक्षित स्थानमा रहेका जोखिमयुक्त वस्ती स्थानान्तरण गरी आधुनिक सुविधासहितको एकीकृत वस्ती निर्माण गर्न प्रति आवास अधिकतम रु. ५ लाखसम्म अनुदान दिन सुरु गरिएको छ।

**पर्यटन प्रवर्द्धन**

- यस अवधिमा पर्यटकको आगमन सङ्ख्या ११ लाख ९८ हजार ८ सय ८५ पुगेको छ। पर्यटक आगमनमा गत वर्षको सोही अवधिको तुलनामा २५ प्रतिशतले वृद्धि भएको छ। वार्षिक २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित नेपाल भ्रमण वर्ष, २०२० अभियान सञ्चालन गरिएको छ।
- यस अवधिमा पर्यटकीयस्तरका थप २४ होटल निर्माण भई १ हजार २३ बेड सङ्ख्या वृद्धि भएको छ। होटलहरूको अकुपेन्सी दरमा वृद्धि भई औसत ६५ प्रतिशत पुगेको छ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन अवधि दैनिक ४ घण्टा वृद्धि गरी २२ घण्टा पुऱ्याइएको छ। यसबाट विमानस्थलमा एयर ट्राफिक होल्डिङ समस्यामा सुधार आएको छ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार तथा स्तरोन्नतिको ३० प्रतिशत कार्य यस अवधिमा सम्पन्न भएको छ। धावनमार्ग पुनर्स्थापना कार्य २०७६ असार मसान्तभित्र सम्पन्न गरिनेछ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यको भौतिक प्रगति ६३ प्रतिशत पुगेको छ। २०१९ जुनमा परीक्षण उडान गरी सेप्टेम्बरदेखि व्यावसायिक रूपमा सञ्चालनमा ल्याइनेछ।

- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य तोकिएको समयभन्दा अगाडि सम्पन्न हुने गरी निर्माण कार्य अगाडि बढिरहेको छ। यस अवधिमा २३ प्रतिशत थप भौतिक प्रगति भएको छ।
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको छ। ११० विघा जग्गामध्ये ६५ विघा जग्गा अधिग्रहणको कार्य सम्पन्न भएको छ।
- धनगढी र चन्द्रगढी विमानस्थलहरूमा रात्रीकालीन उडान सुरु भएको छ। सञ्चालनमा नरहेका १३ आन्तरिक विमानस्थलहरू सञ्चालनमा ल्याइएको छ।
- दुई वाइडबडी जहाज यस अवधिमा सञ्चालनमा ल्याइएको छ। जापान, थाइल्याण्ड र कम्बोडियाका गन्तव्यहरूमा प्रति हप्ता उडान सङ्ख्या वृद्धि भएको छ। नयाँ सम्झौताअनुसार थाइल्याण्डमा १० बाट २८, जापानमा २ बाट १४ र कम्बोडियामा १४ उडान हुनेछन्।
- हवाई यातायातमा यात्रु बिमा दायित्वलाई एकीकरण गर्नेसम्बन्धी महासन्धिमा नेपाल पक्षराष्ट्र भएको छ। सोअनुसार अन्तर्राष्ट्रिय उडानमा सरिक हुने यात्रुहरूको क्षतिपूर्ति बिमा अमेरिकी डलर २० हजारबाट वृद्धि भई अमेरिकी डलर १ लाख ६० हजार पुगेको छ।
- यस अवधिमा थप ९० किलोमिटर पदमार्ग निर्माण गरिएको छ। थप १०० नयाँ पर्यटन गन्तव्य पहिचान गरिएको छ।
- पर्यटन क्षेत्रको जनशक्ति विकासका लागि ५ हजार ६ सय व्यक्तिहरूलाई पर्यटन तालिम प्रदान गरिएको छ।
- विश्वको उत्कृष्ट पर्यटकीय गन्तव्य सहरका रूपमा काठमाडौं सहर सन् २०१९ मा घुम्नुपर्ने उत्कृष्ट दश सहरमध्ये पाँचौ स्थानमा सूचीकृत भएको छ।
- अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको मापदण्डबमोजिम हुने गरी हवाई दुर्घटना जाँच कार्यविधि, २०७५ कार्यान्वयनमा ल्याइएको छ। ग्लोबल एभियसन सेफ्टी प्लान अनुरूपको नेपाल एभियसन सेफ्टी प्लान (२०१८-२२) लागु गरिएको छ।
- पर्यटक खोज, उद्धार, उपचार तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७५ लागु गरी पर्यटक उद्धारको क्षेत्रमा देखिएका विकृतिको अन्त्य गरिएको छ।
- स्वयम्भूनाथ क्षेत्रको अनन्तपुर र प्रतापपुर मन्दिर, बौद्धनाथ स्तुपा, हनुमानढोकास्थित गद्दी बैठक, पाटनको कृष्णमन्दिर, गोरखाको मनकामना मन्दिर र भक्तपुरको सिद्धलक्ष्मी मन्दिरको पुनर्निर्माण सम्पन्न भएको छ। हनुमानढोका दरबारक्षेत्रको नौतले दरबार पुनर्निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। विश्व सम्पदा सूचीमा रहेका उपत्यकाका सबै सम्पदाहरू पर्यटक एवं सर्वसाधारणका लागि खुल्ला गरिएको छ।
- लुम्बिनीमा ३ हजार व्यक्ति अटाउने अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण भई सोही केन्द्रमा बुद्धजयन्तीको अवसरमा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन सम्पन्न भएको छ।

- नाटककार एवं नेपाली गद्य कविताका प्रवर्तक श्री गोपालप्रसाद रिमालको नाममा काव्य र नाट्य विधाका लागि रु. एक एक लाख दरका राष्ट्रिय पुरस्कार स्थापना भएका छन्।

**स्थानीय पूर्वाधार**

- यस अवधिमा २ सय २१ किलोमिटर कालोपत्रेसहित ५ सय ८९ किलोमिटर ग्रामीण सडक स्तरोन्नति/पुनर्स्थापना, ३ सय ७८ किलोमिटर ग्रामीण सडक आवधिक मर्मत सम्भार, ४९७ किलोमिटर नयाँ सडक निर्माण र ७,५०० किलोमिटर सडक नियमित मर्मत कार्य सम्पन्न भएको छ। ८७ मोटरेबल पुल निर्माण सम्पन्न भएको छ। ४ सय १० साना सिँचाइ आयोजना र ३ सय ९ खानेपानी आयोजनाको निर्माण सम्पन्न भएको छ।
- सार्वजनिक तुइनलाई विस्थापन गर्ने अभियानअन्तर्गत सम्भाव्य देखिएका १३० मध्ये ११६ तुइन विस्थापन भइसकेका छन्। बाँकी १४ तुइनहरू यसै आ.व.भित्र विस्थापन गर्ने गरी कार्य अगाडि बढिरहेको छ। यस अवधिमा ४१७ झोलुङ्गेपुल निर्माण भएका छन्।

**भूकम्पपछिको पुनर्निर्माण**

- यस अवधिमा ६३ हजार ९ सय ६९ थप लाभग्राहीहरूसँग अनुदान सम्झौता गरी थप ६६ हजार ८ सय ७५ लाभग्राहीहरूको बैङ्क खातामा पहिलो किस्ताबापतको रकम जम्मा गरिएको छ। थप २ लाख ७६ हजार ८ सय १३ लाभग्राहीहरूले आफ्नो निजी आवास पुनर्निर्माणको कार्य सुरु गरेका छन् भने थप २ लाख ६७ हजार ४ सय ८० निजी आवासको निर्माण सम्पन्न भएको छ।
- यस अवधिमा दोस्रो तथा तेस्रो किस्ता वितरणमा उल्लेख्य वृद्धि भएको छ। थप ३ लाख ३२ हजार ४ सय ५५ लाभग्राहीलाई दोस्रो किस्ताबापत रु. ४९ अर्ब ८६ करोड ८२ लाख ५० हजार र थप ३ लाख १४ हजार ५ सय २ लाभग्राहीलाई तेस्रो किस्ताबापतको रकम रु. ३१ अर्ब ४५ करोड २ लाख बैङ्क खातामार्फत् वितरण गरिएको छ।
- जोखिमयुक्त बस्तीमा रहेका लाभग्राहीहरूमध्ये हालसम्म १ हजार ५ सय १८ जना लाभग्राहीहरूले रु. २ लाख अनुदान लिई सुरक्षित स्थानमा जग्गा खरिद गरी निजी आवास पुनर्निर्माणको कार्य सुरु गरेका छन्।
- हालसम्म जम्मा ४ हजार १ सय ७२ विद्यालयहरूको पुनर्निर्माण कार्य सम्पन्न भएकोमा यस अवधिमा मात्र १ हजार ७२ विद्यालयको पुनर्निर्माण सम्पन्न भएको छ।
- २४ स्वास्थ्य संस्था भवनको पुनर्निर्माणका लागि ठेक्का सम्झौता भएको छ भने १० स्वास्थ्य संस्था भवनको बोलपत्रको सूचना प्रकाशन भएको छ। ६ स्वास्थ्य संस्था भवनको बोलपत्र मूल्याङ्कनको चरणमा रहेको छ। १० स्वास्थ्य संस्था भवनको लागत अनुमानको कार्य भइरहेको छ।

- क्षति भएका १ हजार १ सय ९७ स्वास्थ्य संस्थामध्ये हालसम्म ६ सय ४३ स्वास्थ्य संस्थाहरूको मर्मत सम्भार/प्रिफ्याब संरचना तयार पारी सेवाप्रवाह गरिएको छ। यस अवधिमा मात्र ६० स्वास्थ्य संस्थाहरूको मर्मत सम्भार/प्रिफ्याब संरचना तयार पारिएको छ।
- यस अवधिमा ४५ सरकारी भवनको पुनर्निर्माण कार्य सम्पन्न भई हालसम्म २ सय ४८ सरकारी भवनहरूको पुनर्निर्माण सम्पन्न भएको छ।
- सुरक्षा निकायतर्फ थप ७४ भवनहरूको पुनर्निर्माण सम्पन्न भई हालसम्म १ सय १८ सुरक्षा निकायका भवनहरूको पुनर्निर्माण कार्य सम्पन्न भएको छ।
- भूकम्पबाट क्षतिग्रस्त ७ सय ५३ पुरातात्विक सम्पदाहरूमध्ये हालसम्म २ सय १२ पुरातात्विक सम्पदाहरूको पुनर्निर्माण कार्य सम्पन्न भएको छ। यस अवधिमा मात्र थप १ सय ३२ पुरातात्विक सम्पदाहरूको पुनर्निर्माण सम्पन्न भएको हो।
- ऐतिहासिक धरहरा पुनर्निर्माणको कार्य तीव्र रूपमा अगाडि बढाइएको छ। काष्ठमण्डपको पुनर्निर्माण कार्य सुरु भएको छ। रानीपोखरीको पुनर्निर्माण कार्य तीन खण्डमा अघि बढाइएको छ।
- सहुलियतपूर्ण ब्याज अनुदानसम्बन्धी कार्यविधिबमोजिम आर्थिक अभावका कारण हालसम्म घर निर्माण सुरु नगर्ने भूकम्पपीडितहरूलाई रु. ३ लाख ऋण ब्याज अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ।

## ८. श्रम सम्बन्ध, रोजगारी सिर्जना र सामाजिक सुरक्षा

- स्वदेशभित्रै रोजगारीका अवसरहरू व्यापक रूपमा सिर्जना गर्ने लक्ष्यका साथ प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ। सबै स्थानीय तहमा रोजगार सूचना केन्द्रबाट रोजगारदाता र रोजगारीको खोजीमा रहेका व्यक्तिहरूलाई सूचना उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। रोजगारीको अवसर नपाउनेलाई न्यूनतम रोजगारी प्रत्याभूत गर्ने र रोजगारी नहुनेलाई बेरोजगार भत्ता दिने व्यवस्था मिलाइएको छ।
- औपचारिक क्षेत्रका कामदारको न्यूनतम पारिश्रमिक निर्धारण गरिएको छ।
- २०७५ मङ्सिर ११ देखि सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन गरिएको छ। सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनबाट कामदारको वर्तमान र भविष्य सुरक्षित गरिएको छ। श्रमिक अनुकूल औद्योगिक वातावरण निर्माण हुँदै गएको छ। बन्द हड्तालको अन्त्य भएको छ।
- महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिलाई सर्वकालिक सामाजिक सुरक्षाको सुनिश्चितता दिँदै यसको दायरालाई विस्तार गरिएको छ।

- प्रतिष्ठानका श्रमिकहरूको न्यूनतम पारिश्रमिक मासिक रु. १३ हजार ४ सय ५० र चिया बगानका श्रमिकको न्यूनतम पारिश्रमिक मासिक रु. १० हजार ७ सय ८१ निर्धारण गरिएको छ।
- सबै प्रदेशबाट श्रम स्वीकृति र वैदेशिक रोजगारसम्बन्धी सेवाप्रवाह गर्ने कार्य थालिएको छ।
- वैदेशिक रोजगारीका सम्बन्धमा गैरकानुनी कार्य गरेका ३४  कम्पनीलाई कारबाही गरिएको छ।
- वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भएका कामदारका ७ सय ८८ परिवार र अङ्गभङ्ग भएका तथा बिरामी भएका ३ सय १३ जना कामदारलाई आर्थिक सहायता उपलब्ध गराइएको छ। वैदेशिक रोजगारीमा रहेका ४१ जना श्रमिकका परिवारलाई कडा रोगको औषधि उपचार खर्च उपलब्ध गराइएको छ। विभिन्न गन्तव्य मुलुकमा समस्यामा परेका ६० जना नेपाली श्रमिकको उद्धार गरिएको छ।
- योगदानमा आधारित सामाजिक सुरक्षा योजना (चार स्कीमः औषधी उपचार तथा अशक्तता सुरक्षाको सुविधा, आश्रित परिवार सुरक्षाको सुविधा, वृद्धावस्था सुरक्षाको सुविधा) प्रारम्भ गरी हालसम्म ९ सय ५० रोजगारदाता प्रतिष्ठानहरू सामाजिक सुरक्षा योजनामा दर्ता भएका र दर्ता गर्ने कार्य निरन्तर भइरहेको छ।
- सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत २५ लाख ७७ हजार ३ सय ९९ लाभग्राहीको विवरण कम्प्युटर प्रणालीमा प्रविष्ट गरी मासिक रूपमा सामाजिक सुरक्षा भत्ता विवरण गरिएको छ।
- मलेसिया सरकारसँग श्रम सम्झौता सम्पन्न भएको छ।

## ९. भ्रष्टाचार नियन्त्रण, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन

- सरकारले **"म भ्रष्टाचार गर्दिनँ, म भ्रष्टाचार हुन दिन्नँ,  म देश र जनताका लागि इमान्दार भएर काम गर्ने प्रतिज्ञा गर्दछु"** भन्ने प्रतिबद्धताका साथ शासकीय स्वच्छता अभियान सञ्चालन गरेको छ।
- अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानीलाई निवारण गरी वित्तीय सुशासन कायम गर्न एवं अर्थतन्त्रमा स्रोत नखुलेको सम्पत्तिको आप्रवाह नियन्त्रण गर्ने कार्यमा सहयोग पुऱ्याउन २ सय १४ उजुरीहरूमा विस्तृत अनुसन्धान भइरहेको छ। यस अवधिमा ७ वटा मुद्दाहरू अभियोजन गरी रु. ५६ करोड ६२ लाख ४८ हजार बिगो दाबी गरी दोबर जरिवाना र कैद मागदाबी गरिएको छ।

- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको क्षेत्रमा गरिएको प्रतिबद्धता अनुरूप सन् २०२०-२१ मा हुने पारस्परिक मूल्याङ्कनमा सकारात्मक परिणाम ल्याउन सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापको ५ वर्षे रणनीतिपत्र निर्माण गर्ने कार्य अन्तिम चरणमा पुगेको छ।
- सम्पत्ति शुद्धीकरण निवारणका लागि गैरबैङ्कि  वित्तीय संस्था र गैरवित्तीय व्यवसाय तथा पेसाकर्मीको क्षेत्रमा १३ निकायलाई नियमनकारी निकाय तोकिएको छ।
- राजस्व चुहावटका ५० कसुरमा अनुसन्धान सम्पन्न गरी अदालतमा मुद्दा दायर गरिएको छ। राजस्व चुहावटको कसुरमा ८ सरकारी कर्मचारीसहित १ सय ३२ व्यक्तिउपर बिगो र जरिवानाबापत रु. ९ अर्ब १४ करोड ७७ लाख रकम एवं ३ वर्षसम्म कैद मागदाबी गरिएको छ। सुनको भन्सार चोरी पैठारीको कसुरमा ३५ किलो सुनसमेत बरामद गरिएको छ।
- अवैध हुण्डी कारोबारमा संलग्न ५५ जनालाई विदेशी विनिमय अपचलन तथा हुण्डीको कसुरमा रु. ५ अर्ब ९१ करोड ६ लाख बिगो कायम गरी बिगोको तेबर जरिवाना र ३ वर्षसम्म कैद मागदाबीसहित अदालतमा मुद्दा दायर गरिएको छ। यसले राजस्व परिचालन र विप्रेषण आय प्राप्तिमा सकारात्मक प्रभाव परेको छ।
- अवैध सुन तस्करी र संगठित अपराधको सञ्जाल नियन्त्रणमा सफलता प्राप्त भएको छ। अवैध सुन तस्करीमा संलग्न ७५ जनालाई प्रतिवादी कायम गरिएकोमा ४६ जना पक्राउ परिसकेका छन्। ३६ जना अभियुक्तहरूको चलअचल सम्पत्ति रोक्का गरिएको छ।
- राष्ट्रिय सतर्कता केन्द्रबाट ९९ आयोजनाहरूको प्राविधिक परीक्षण गरिएको छ।
- सम्झौताबमोजिम काम नगर्ने, समयमा काम नगर्ने, गुणस्तरीय काम नगर्ने २९ कम्पनी, फर्म र निर्माण व्यवसायीलाई कालोसूचीमा राखिएको छ।
- सुरक्षा संयन्त्रको प्रभावकारी परिचालन गरी शान्ति सुरक्षालाई सुदृढ गरिएको छ। सुरक्षा प्रणालीलाई भरपर्दो र विश्वसनीय बनाई सबै प्रकारका अपराध नियन्त्रण गरिएको छ, सुव्यवस्था कायम गरिएको छ। अपराधको अनुसन्धान र अभियोजनलाई विधिसम्मत, प्रमाणमा आधारित र आधुनिक प्रविधिमैत्री बनाउँदै लगिएको छ। कानुनी शासनलाई सुदृढ बनाउँदै लगिएको छ।
- महिला, बालबालिकासम्बन्धी छुट्टै अपराध तथा अनुसन्धानका लागि १४ भवन निर्माण सम्पन्न भएको छ।
- राजमार्गमा हुने अवरोध हटाउन सुरक्षा परिचालन र कारबाहीको कार्यविधि लागु गरिएको छ। यस अवधिमा राजमार्गमा यातायात सेवा सञ्चालनमा अवरोध आएको छैन।

- विपद् व्यवस्थापनको पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनाको कार्य प्रभावकारी रूपमा सञ्चालन गरिएको छ। शीतलहरबाट नागरिकलाई जोगाउनका लागि पूर्वतयारी गरी तराई र हिमाली जिल्लामा समयमै न्यानो कपडा वितरण गरिएको हुँदा चिसोका कारणले मानवीय क्षति भएको छैन।
- सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूसँग कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइएको छ। प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादनको मूल्याङ्कन सोही आधारमा हुने व्यवस्था मिलाइएको छ।
- पाँचथर जिल्लाका १ लाख १० हजार नागरिक र सिंहदरबारभित्रका ७ हजार कर्मचारीहरूलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने कार्य सुरु गरिएको छ।
- मुलुकको शान्ति सुव्यवस्थालाई थप प्रभावकारी तुल्याउन द्विपक्षीय तथा बहुपक्षीय सम्बन्ध र साझेदारी अभिवृद्धि गर्न ७ अन्तर्राष्ट्रिय बैठकहरू सम्पन्न गरिएका छन्।
- सङ्घीय संरचना अनुरूप सबै स्थानीय तहमा शान्ति सुरक्षा कायम गर्न नेपाल प्रहरीको पहुँच विस्तार गरी सम्पूर्ण स्थानीय तहमा नेपाल प्रहरीको उपस्थितिको व्यवस्था मिलाइएको छ। सशस्त्र प्रहरी बल, नेपालको थप १० बोर्डर आउटपोष्टसहित ५६ नयाँ एकाइहरू स्थापना गरिएका छन्।
- कारागार सुरक्षा र कैदी बन्दी व्यवस्थापन सुधारका लागि २३ कारागारमा सिसीटिभी जडान र १४ Video Conference System जडान गरिएको छ।
- विदेशी नागरिक अनुगमन निर्देशिका कार्यान्वयनमा ल्याइएको छ। विद्युतीय टोकन प्रणालीमार्फत् प्रवेशाज्ञा वितरण सेवा सुरु गरिएको छ। नेपाल र संयुक्त राज्य अमेरिकाबीच पारस्परिकताका आधारमा बहुवर्षीय प्रवेशाज्ञा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। अध्यागमनको आधुनिकीकरण र व्यवस्थित गर्ने कार्य प्रारम्भ गरिएको छ।
- मापदण्ड विपरीत विभिन्न व्यक्तिहरूको सुरक्षार्थ खटिएका १ सय ५१ जना सुरक्षाकर्मी फिर्ता गरी सुरक्षा कार्यमा लगाइएको छ।
- राष्ट्रिय सुरक्षा नीति, २०७३ को पुनरावलोकन गरी नयाँ राष्ट्रिय सुरक्षा नीतिको मस्यौदा तयार भएको छ।
- सुरक्षासम्बन्धी उच्च अध्ययन, अनुसन्धान गर्नका लागि National Defence University स्थापना गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन भएको छ।
- हेलो सरकारमा प्राप्त १४ हजार २ सय ८० गुनासाहरूउपर कारबाही गरिएको छ।
- १ हजार १ सय ५० सार्वजनिक निकाय तथा ४ हजार ७ सय ९५ बोलपत्रदाता कम्पनीहरूलाई विद्युतीय खरिद प्रणालीमा दर्ता गरिएको छ। विद्युतीय खरिद प्रणालीमार्फत् ६ हजार ३ सय ३९ बोलपत्रहरू प्रकाशन भएका छन्।

- प्रमाणमा आधारित नीति निर्माणका लागि अध्ययन अनुसन्धान गरी सरकारलाई सुझाव दिन **"नीति अनुसन्धान प्रतिष्ठान"** गठन भई कार्यारम्भ भएको छ।
- मालपोत कार्यालयहरूमा प्रचलनमा रहेका ठूला आकारका फारामहरूलाई सरलीकरण गरी सर्वसाधारण आफैंले भर्नसक्ने बनाइएको छ।
- यस अवधिमा ३ हजार ८ सय ९२ मुक्तहलिया परिवारलाई पुनर्स्थापना गरिएको छ। २ हजार ७ सय ३६ मुक्तकमैया परिवारलाई काठ खरिदबापतको अनुदान उपलब्ध गराइएको छ। मुक्तकमैया तथा मुक्तहलिया परिवारको पुनर्स्थापना कार्यका लागि रु. १ अर्ब १ करोड ६८ लाख लगानी भएको छ। कञ्चनपुर जिल्लाको बाघफाँटामा ३६, बाह्राकुँडामा ३५ र लालझाडीमा ६० मुक्तहलिया परिवारका लागि एकीकृत नमुना बस्ती बनाउने कार्य भइरहेको छ।
- नेपाल-भारत संयुक्त सीमा सर्वेक्षण टोलीबाट ५ सय ६७ सीमास्तम्भ निर्माण र २ सय ५७ सीमास्तम्भ मर्मत सम्भार भएको छ।
- विगत लामो समयदेखि सुचारु हुन नसकेको गाउँ ब्लक नापीको कार्य प्रारम्भ भएको छ। २ हजार १ सय ३६ हेक्टर पुनः नापी र ७ हजार १ सय ७२ हेक्टर द्वन्द्वबाट क्षतिग्रस्त नापीनक्सा पुनर्स्थापनाको नापी कार्य सम्पन्न भएको छ।
- जग्गा प्रशासनसम्बन्धी डिजिटल प्रणालीमा आधारित अनलाइन सेवा थप २९ कार्यालयमा विस्तार गरी यो सेवा ५१ मालपोत कार्यालयमा विस्तार गरिएको छ।
- नेपाल तथा चीन सरकारबीच समझदारीपत्रमा हस्ताक्षर गरी आगामी पाँच वर्षका लागि निःशुल्क भू-उपग्रह चित्र (स्याटलाइट इमेज) प्राप्त हुने व्यवस्था मिलाइएको छ।
- सात प्रदेशका १४ स्थानीय तहमा २० हजार विपन्न घरपरिवार लाभान्वित हुने गरी गरिबी निवारणको विशेष कार्यक्रम सञ्चालनमा ल्याइएको छ।
- ६ जिल्लाका १८ गाउँपालिकाका ७२ उत्पादन पकेटलाई सहकारीमा आबद्ध गरी सहकारी बजार विकास कार्यक्रम सञ्चालन गरिएको छ।
- सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउनका लागि सरकारी वकिलको विशिष्टीकरण गर्ने कार्य प्रारम्भ गरी ३० जनालाई विशिष्टीकृत सरकारी वकिलको रूपमा सूचीकृत गरिएको छ।
- एघार सरकारी वकिल कार्यालयहरूमा सिसीटिभी जडान गरी विद्युतीय माध्यमबाट अनुगमन प्रारम्भ गरिएको छ।
- पीडितको सहायता र साक्षीको संरक्षणका लागि **"हेलो साक्षी"** कार्यक्रम सञ्चालन गरिएको छ। समुदायमा सरकारी वकिल कार्यक्रम सञ्चालन गरी समुदायमा कानुनी प्रक्रियाका बारेमा जानकारी दिने व्यवस्थाको सुरुआत गरिएको छ।

## १०. सञ्चार र सूचना प्रविधिको विकास र विस्तार

- वर्तमान सरकार सूचना प्रविधिको प्रयोगलाई व्यापकता दिँदै आम नागरिकसँग जोडिएका सबै प्रकारका सेवाको सञ्चालन र वितरणमा दक्षता बढाउन सक्रिय रहेको छ। मुलुकको सामाजिक, आर्थिक, राजनीतिक एवं भौगोलिक अवस्थितिसमेतका आधारमा सबै नागरिकहरूमा राज्यले प्रदान गर्ने सेवामा सरल, सहज पहुँच पुऱ्याउन र विद्युतीय सूचना प्रणालीको प्रयोग र विकासमा जोड दिइएको छ। सरकारी कार्यालयबाट प्रवाह हुने सेवालाई विद्युतीय प्रणालीमार्फत् सम्पादन र वितरण गर्न सरकारी निकायका सूचना प्रणालीहरू एकीकृत गर्ने, आम नागरिकले पाउने सेवालाई मोबाइल एप्सलगायतका सूचना प्रविधिमार्फत् सरल, सहज र पहुँचयोग्य बनाउने कार्यको थालनी भएको छ।
- सङ्घीय र प्रदेश सरकारका एकाइबीच प्रत्यक्ष सम्पर्क स्थापित गर्ने, सार्वजनिक क्षेत्रमा प्रयोगमा रहेका परम्परागत अभिलेखहरू विद्युतीय प्रणालीमा रूपान्तरण गर्ने कार्यलाई तीव्रता दिइएको छ।
- मालपोत, आन्तरिक राजस्व, भन्सार महसुल, सवारी चालक अनुमतिपत्रजस्ता नागरिकसँग प्रत्यक्ष सम्बन्धित सेवालाई एकीकृत सूचना प्रणालीमा आबद्ध गर्ने प्रक्रिया सुरु गरिएको छ। राष्ट्रिय परिचयपत्रलाई सेवाप्रवाहको मुख्य आधार बनाउने गरी वितरण र विस्तार गर्ने कार्य सुरु भएको छ। सरकारी निकायको रु. एक लाखसम्मका भुक्तानी विद्युतीय माध्यमबाट गर्न सक्ने व्यवस्था मिलाइएको छ। सूचना प्रविधिको विस्तारका लागि सबै प्रदेशमा अप्टिकल फाइबर विस्तार गर्ने, प्रत्येक स्थानीय तहमा इन्टरनेटको पहुँच विस्तार गर्नेलगायतका सूचना प्रविधिको विकास र विस्तारका लागि आवश्यक पूर्वाधार निर्माण तीव्र गतिमा गर्ने गरी सूचना प्रविधिको जग मजबुत पार्ने कार्यमा सरकार सफल भएको छ। मोबाइल सेवामा चौथो पुस्ता (4G) प्रविधि विस्तार गर्ने कार्य प्रारम्भ भएको छ।
- नेपाल टेलिकमबाट थप ५ सय २९ टावरहरू सञ्चालनमा ल्याई थप १० लाखभन्दा बढी सेवाग्राहीमा दूरसञ्चार सेवा विस्तार गरिएको छ। दूरसञ्चारको चौथो पुस्ता (4G) सेवा २४ जिल्लामा विस्तार भई २४ लाख सेवाग्राहीहरू नयाँ प्रविधिबाट लाभान्वित भएका छन्। सूचना प्रविधिमा पहुँच बढाउन ब्रोडब्याण्ड घनत्व ५६.४१ प्रतिशत पुऱ्याइएको छ।
- यस अवधिमा १ हजार ३ सय ७१ वडा कार्यालय, १ हजार ४ सय ६० सामुदायिक विद्यालय र १ हजार ६३ स्वास्थ्य केन्द्रमा ब्रोडब्याण्ड कनेक्टिभिटी विस्तार गरी २ वर्षसम्मका लागि निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराइएको छ।
- मध्यपहाडी लोकमार्ग हुँदै निर्माण गरिने सूचना महामार्गको पाँचथर-धादिङ खण्डको २ हजार १ सय ७९ किलोमिटर अप्टिकल फाइबर बिछ्याउने कार्य यसै महिनादेखि सुरु गरिँदै छ।
- कालिकोट, जाजरकोट, रुकुम र रोल्पाका सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालय, गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था गरी ८ सय ३६ स्थानमा ब्रोडब्याण्ड इन्टरनेट

जडान भई सञ्चालनमा आएको छ। हुम्ला, जुम्ला, मुगु, डोल्पाका ३ सय स्थानमा ५० प्रतिशत जडान कार्य सम्पन्न भई सञ्चालनमा ल्याइएको छ।

- रेडियो नेपालको प्रसारण विश्वव्यापी बनाउन रेडियो नेपाल मोबाइल एप्लिकेसन सञ्चालन गरिएको छ। रेसुङ्गा, डोल्पा र मुगुमा रेडियो नेपालको एफ.एम. प्रसारण विस्तार भएको छ।
- हुलाक सेवाबाट पठाइने हुलाक वस्तुको अवस्थाबारे ग्राहकले समेत अनलाइन जानकारी लिन सक्ने गरी हाल ७० जिल्लामा हुलाक वस्तुको आन्तरिक ट्र्याकिङ्ग प्रणाली लागु गरिएको छ।
- दूरसञ्चार सेवालाई स्वस्थ र मर्यादित बनाउन दूरसञ्चार नियमावलीमा संशोधन गरी एकाधिकार हुन नदिने व्यवस्था र चुक्ता पुँजीको ५ प्रतिशतभन्दा बढी शेयर खरिद वा बिक्री गर्न स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ।
- स्थानीय तहले प्रदान गर्ने सेवामा सर्वसाधारणको पहुँच बढाउन २ सय ७८ स्थानीय तहमा मोबाइल एप्स प्रयोगमा ल्याइएको छ।
- बिल बीजक लिनेदिने प्रणालीमा सुधार गरी कारोबारमा पारदर्शिता ल्याउन र कर प्रशासनको पहुँच स्थापित गर्न निश्चित प्रकृतिका कारोबार गर्ने करदाताले अनिवार्य रूपमा विद्युतीय माध्यमबाट बीजक जारी गर्ने व्यवस्था गरिए अनुरूप २०७५ पुस समान्तसम्म १ हजार ९ सय ७७ करदाताहरूले विद्युतीय माध्यमबाट बीजक जारी गर्ने व्यवस्था मिलाइएको छ। यी करदातामध्ये ५८ करदाता केन्द्रीय बिलिङ्ग अनुगमन प्रणालीमा आबद्ध भएका छन्।
- लोक सेवा आयोगको दरखास्त दस्तुर सङ्कलनलगायतका सम्पूर्ण कार्य आ.व. २०७५/७६ देखि विद्युतीय प्रणालीमार्फत् भइरहेको छ।
- सवारी चालक अनुमतिपत्रको कार्यालय कोड प्रदेशअनुसार निर्माण गरी सेवा कार्यालयहरूलाईसमेत लाइसेन्स वितरण गर्न सक्ने अधिकार दिइएको छ।
- मालपोत कार्यालयहरूबाट प्रवाह हुने सार्वजनिक सेवामा शुद्धता, स्वच्छता र सहजता ल्याउन यस अवधिमा थप २९ कार्यालयमा अनलाइन सेवा विस्तार गरिएको छ। हालसम्म ५१ मालपोत कार्यालयहरूमा अनलाइन सेवा पुगिसकेको छ।
- करदाता दर्ता, कर विवरण दर्ता अनलाइन प्रणालीबाट गर्ने व्यवस्था मिलाइएको छ।
- कम्पनी रजिष्ट्रारको कार्यालय र उद्योग विभागमा सञ्चालनमा रहेको अनलाइन प्रणालीलाई क्रमशः पूर्ण स्वचालित कार्यप्रणालीमा लैजाने क्रम जारी रहेको छ।
- सूचना प्रविधिमा आधारित एकीकृत सामाजिक सुरक्षा सूचना प्रणाली कार्यान्वयनमा ल्याइएको छ।
- राहदानी विभागबाट प्रदान गरिने कानुनी सेवा, कागजात प्रमाणीकरण, भिसा सिफारिस, कूटनीतिक सुविधा तथा उन्मुक्ति सेवा र अधिकृत वारेसनामा प्रमाणीकरणलगायतका अधिकांश

सेवा प्राप्तिका लागि अनलाइन प्रणालीबाट आवेदन गर्ने र कार्य प्रगतिका सम्बन्धमासमेत रुजु गर्न सकिने व्यवस्था गरिएको छ। यस अवधिमा ५ लाख १८ हजार ३ सय २९ थान राहदानी जारी भएका छन्।

- अनलाइन मनिटरिङ सफ्टवेयरमार्फत् आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन र सोको अनुगमन गर्ने कार्य सुरु गरिएको छ। मन्त्रिपरिषद्मा पेस हुने प्रस्तावहरूलाई स्वचालित कार्यप्रणालीबाट सञ्चालन गरिएको छ। मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको कार्यान्वयनको अनुगमन गर्न सफ्टवेयर निर्माण भइरहेको छ।
- इन्टरनेटको माध्यमबाट यौनजन्य, अश्लील सामग्रीमा सहज पहुँचले गर्दा नेपाली समाजको मूल्य मान्यता र सामाजिक सद्भावमा खलल पुगेकोले समाजमा यौनजन्य हिंसा र विकृति सिर्जना गर्न प्रेरित गर्न सक्ने जोखिम न्यूनीकरण गर्न हालसम्म ४ लाख ५५ हजार त्यस्ता वेबसाइटहरूमा प्रतिबन्ध लगाइएको छ।
- एनालग प्रविधिमा प्रसारण भइरहेका सबै केवल नेटवर्कहरूलाई डिजिटल प्रविधिमा रूपान्तरण गरिएको छ।
- नेपाल टेलिभिजनको चारै च्यानलको प्रसारणलाई प्रतिस्पर्धी बनाई गुणस्तरीय पहुँच अभिवृद्धि गर्न हाई डिफिनेसन (एच.डि.) मा रूपान्तरण गरिएको छ।
- पत्रकारिता क्षेत्रमा निरन्तर रूपमा लामो समयसम्म योगदान पुऱ्याएका पत्रकारहरूका लागि रु. ३ करोडको पत्रकार वृत्ति कोष स्थापना गरिएको छ।
- आमसञ्चार माध्यममा काम गर्ने श्रमजीवी पत्रकार र कामदारको जीवनयापनका लागि न्यूनतम पारिश्रमिक सुनिश्चित गर्न हालको न्यूनतम पारिश्रमिकमा २५ प्रतिशत वृद्धि गरी २०७५ कात्तिक १ गतेदेखि कार्यान्वयनमा ल्याइएको छ।
- चलचित्र टिकट विक्री र त्यसबाट भएको आम्दानी, कर, प्रदर्शन अवधि र लोकप्रियतासम्बन्धी सूचना पारदर्शिताका निम्ति काठमाडौं उपत्यकामा बक्स अफिस प्रणाली लागु भई २०७५ चैत मसान्तभित्र उपत्यका बाहिरसमेत लागु गर्ने गरी आवश्यक तयारी भएको छ।
- नेपाल टेलिभिजनको भू-सतही प्रसारणलाई डिजिटाइज गरी प्रसारणको गुणस्तर सुधार गरिएको र चारवटै च्यानलहरूको प्रसारण पहुँच विस्तार गरिएको छ।
- नेपाल टेलिभिजनबाट सातवटै प्रदेशहरूका गतिविधि प्रसारण गर्न छुट्टै "प्रादेशिक समाचार", "संस्कृत भाषा"को समाचार बुलेटिन, "समृद्ध नेपाल" कार्यक्रम र "जनतासँग प्रधानमन्त्री कार्यक्रम" सञ्चालन गरिएको छ।

## ११. सामाजिक विकास

### शिक्षा

- **"हामी सबैको इच्छा, अनिवार्य निःशुल्क आधारभूत शिक्षा"** भन्ने अभियानका साथ **"एक बच्चाको भर्ना मेरो सामाजिक दायित्व, पहुँचमा सुनिश्चितता र सिकाइमा स्थायित्व"** को अवधारणासहित शैक्षिक सत्र २०७५ मा विद्यालय बाहिर रहेका कुल ३ लाख १३ हजार २ सय ५८ जना बालबालिकाहरूमध्ये २ लाख ५४ हजार बालबालिकाहरूलाई विद्यालय भर्ना गरिएको छ। १ सय २६ स्थानीय तहले आधारभूत विद्यालय उमेर समूह (५-१२ वर्ष) का बालबालिकाहरू विद्यालय बाहिर नरहेको घोषणा गरेका छन्। शैक्षिक सत्र २०७६ सम्ममा विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गरिनेछ।
- सबै सार्वजनिक विद्यालयका विद्यार्थीहरूले समयमै पूरा सेट निःशुल्क पाठ्यपुस्तक प्राप्त गरेका छन्। सार्वजनिक विद्यालयका कक्षा १-५ सम्मका सबै विद्यार्थीहरूलाई पहिलोपटक रङ्गिन पाठ्यपुस्तकको व्यवस्था गरिएको छ।
- २ हजार ६ सय १० सामुदायिक विद्यालयमा २ कोठे र १ हजार ३ सय ७९ सामुदायिक विद्यालयमा ४ कोठे भवन निर्माण गरिएको छ। साथै २ हजार २ सय ३४ विद्यालयमा खानेपानी र शौचालयसहित सरसफाइ सुविधा पुऱ्याइएको छ।
- कक्षा ११ र १२ मा जीवनोपयोगी शिक्षाको व्यवस्थासहितको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप स्वीकृत भएको छ।
- थप १२ जिल्लासहित ४२ जिल्लाका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १-५ सम्मका १३ लाख १ हजार ९ सय ६५ बालबालिकालाई दिवाखाजा उपलब्ध गराइएको छ।
- हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ को कार्यान्वयन गरी सबै विद्यालयहरूमा हरियाली प्रवर्द्धन गर्न सुरु गरिएको छ।
- मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार तयारी विकास समिति गठन भएको छ। योगमाया आयुर्वेद विश्वविद्यालय गठनसम्बन्धी विधेयकको मस्यौदा तयार भएको छ। विश्वविद्यालय स्थापनाका लागि जग्गा पहिचान र सम्भाव्यता अध्ययन समितिले कार्य प्रारम्भ गरेको छ।
- **लागत साझेदारीमा दक्ष प्राविधिक विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५** कार्यान्वयन गरी कृषिमा ५०, भेटेरनरीमा ३०, सिभिल इन्जिनियरिङमा ४८, कम्प्युटर इन्जिनियरिङमा १५०, अटोमोबाइल इन्जिनियरिङमा २४ र मेकानिकल इन्जिनियरिङमा २४ विद्यार्थीलाई स्नातक तहको उच्च शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरिएको छ।

- उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगबाट समग्र शिक्षा विकासको नीतिगत सुधारसहितको प्रतिवेदन प्राप्त भएको छ।
- यस अवधिमा सुनसरी, तेह्रथुम तथा भोजपुर जिल्लाहरू साक्षर घोषणा भई कुल ४७ जिल्ला साक्षर घोषणा भएका छन्। विक्रम सम्वत् २०७६ मा **साक्षर नेपाल** घोषणा गर्ने तयारी भएको छ।

स्वास्थ्य

- नेपाल रुबेला रोग (जर्मन मिजल्स) निवारण गर्ने पहिलो दक्षिण एसियाली मुलुक भएको छ। अन्धोपनको प्रमुख कारक आँखामा हुने खस्रेरोग (ट्राकोमा) नेपालबाट निवारण भएको छ।
- त्रि.वि. शिक्षण अस्पताल महाराजगञ्जबाट कलेजो प्रत्यारोपण सेवा उपलब्ध हुने व्यवस्था मिलाइएको छ।
- नेपाल सरकारबाट छात्रवृत्ति पाई विशेषज्ञ चिकित्सा शिक्षा अध्ययन पूरा गरेका १ सय १० जना विशेषज्ञ चिकित्सकहरूलाई पहिलोपटक विभिन्न अस्पतालमा परिचालन गरिएको छ।
- स्वास्थ्य बिमा कार्यक्रम २७ जिल्लाबाट विस्तार गरी ३६ जिल्लाका ३ सय ४० स्थानीय तहमा लागु गरिएको छ। यस अवधिमा बिमितको सङ्ख्या १ सय १३ प्रतिशतले वृद्धि भई १४ लाख ७८ हजार ८ सय १० पुगेको छ। कुल बिमितमध्ये यस अवधिमा ५ लाख ७६ हजार ६९ ले स्वास्थ्य बिमा सेवा प्राप्त गरेका छन्।
- क्यान्सर, मुटुरोग, मृगौला रोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, अल्जाइमर, पार्किन्सन्स, सिकलसेल एनिमिया रोगका २३ हजार ५६ विपन्न नागरिकले मापदण्डअनुसारको सुविधाबाट सेवा पाएका छन्।
- जिल्लास्तरीय अस्पतालहरूमा लागु भएको गुणस्तरीय स्वास्थ्य सेवाको न्यूनतम सेवा मापदण्डलाई स्वास्थ्य चौकीदेखि विशेषज्ञ तहका अस्पतालसम्म विस्तार गरिएको छ।
- कोसी अञ्चल अस्पताल, नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्ज, भरतपुर अस्पताल चितवन, भेरी अञ्चल अस्पताल नेपालगञ्ज र डडेलधुरा उपक्षेत्रीय अस्पताललाई विशेषज्ञ सेवासहितको Tertiary अस्पतालमा रूपान्तरण गर्ने व्यवस्था मिलाइएको छ।
- नेपाल सरकारबाट सातै प्रदेशमा प्रदेश आयुर्वेद अस्पताल स्थापना गर्ने निर्णय भएको छ। रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने आवश्यक तयारी सुरु भएको छ।
- सबै स्थानीय तहमा कम्तीमा एक चिकित्सक र स्थानीय तहका हरेक वडामा एक स्वास्थ्य संस्था सुनिश्चित गर्ने गरी यस वर्षमा १ हजार २ सय वडाहरूमा स्वास्थ्य संस्था स्थापना गर्ने तयारी गरिएको छ।

### महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

- नेपाल सरकारबाट प्रत्येक वर्षको नोभेम्बर २५ लाई लैङ्गिक हिंसाविरुद्धको अभियान दिवसका रूपमा सञ्चालन गर्ने निर्णय भएको छ। देशैभरि २०७५ मङ्सिर ९ गतेदेखि २६ गतेसम्म लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सञ्चालन गरिएको छ। लैङ्गिक हिंसा अन्त्यका लागि पुरुष सञ्जालको कार्यक्षेत्र, २०७५ कार्यान्वयनमा ल्याइएको छ।
- महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा उन्मुलनसम्बन्धी महासन्धिको ७१ औं अधिवेशनमा नेपालले पेस गरेको प्रतिवेदनका list of issues को जबाफसहित सरकारको धारणा प्रस्तुत गरिएको छ।
- सरकारले संस्थागत रूपमा हवाई उद्धार कार्यक्रम सुरु गरी हुम्ला र दोलखा जिल्लाको दुर्गम भेगबाट गर्भवती महिला र नवजात शिशुलाई उपचारका लागि हवाई उद्धार गरिएको छ।
- लैङ्गिक हिंसा निवारणका लागि ६५ जनालाई संस्थागत विकास पुनर्ताजगी प्रशिक्षण, ५० जनालाई किशोरीहरूको बहुआयामिक विकास कार्यक्रम रूपान्तरण प्रशिक्षण, १४ जनालाई ६ महिने मनोसामाजिक विमर्शकर्तालगायतका तालिम प्रदान गरिएको छ।
- देशभरि हराएर खोजतलासका लागि दर्ता भएका २ हजार ९ सय ६१ बालबालिकाको खोजतलास गरी १ हजार २ सय ३१ बालबालिकाको पारिवारिक पुनर्मिलन, बेवारिसे फेला परेका ४ सय ६० बालबालिकामध्ये २ सय ५० को पारिवारिक पुनर्मिलन तथा घरपरिवार र ठेगाना पहिचान हुन नसकेका २ सय १० लाई बालगृहमा पुनर्स्थापना तथा संरक्षण गरिएको छ।
- जोखिमपूर्ण अवस्थामा रहेका ३ हजार ३ सय ७८ बालबालिकाको आपतकालीन उद्धार गरी राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन र पुनर्स्थापन तथा संरक्षण सेवा प्रदान गरिएको छ।
- साविकमा भक्तपुर, चितवन र कास्कीमा मात्र बालसुधार गृह रहेकोमा डोटी, मकवानपुर, पर्सा, बाँके र रूपन्देहीमासमेत बालसुधार गृह सञ्चालनमा ल्याइएको छ।
- नयाँ पुस्तामा ज्येष्ठ नागरिकहरूप्रति सम्मान गर्ने भावनाको विकास गर्न ७७ जिल्लाका २ सय २५ विद्यालयमा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालन गरिएको छ।

### युवा तथा खेलकुद

- ९ सय ६४ युवालाई सीप तथा उद्यमशीलता विकास, १ सय ४२ युवालाई लोपोन्मुख परम्परागत सीपसम्बन्धी तालिम र ५ हजार ७ युवालाई उद्यमशीलतालगायतका विषयमा परामर्श सेवा प्रदान गरिएको छ।
- तराईका ११ जिल्लाका १८ महिला उद्यम समूहका ३ सय ६० महिला उद्यमीहरूलाई रु. २० हजारका दरले उद्यमशीलता विकासका लागि आर्थिक सहयोग गरिएको छ।

- ३ सय युवा वैज्ञानिकहरूको सहभागितामा प्रथम राष्ट्रिय युवा विज्ञान तथा प्रविधि सम्मेलन सम्पन्न भएको छ।

- भूकम्पबाट क्षतिग्रस्त दशरथ रङ्गशालाको स्तरोन्नति तथा पुन:निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। नेपालगञ्जमा ७ हजार दर्शक क्षमताको रङ्गशालाको मैदान निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

- मूलपानी क्रिकेट मैदानअन्तर्गत १३ हजार दर्शक क्षमतामध्ये ३ हजार ५ सय दर्शक क्षमताको तीन ब्लक साधारण प्यारापिट र मैदान निर्माण कार्य सम्पन्न भएको छ।

- इण्डोनेसियामा सञ्चालन भएको १८ औं एसियन खेलकुदमा नेपाल प्याराग्लाइडिङ्गतर्फको Cross Country विधामा रजत पदक प्राप्त गर्न सफल भएको छ। उक्त खेलका पुरुष टिमका खेलाडीलाई जनही रु. ५ लाख, प्याराग्लाइडिङ्ग सङ्घलाई रु. ५ लाख, प्रमुख प्रशिक्षकलाई रु. ३ लाख र सहायक प्रशिक्षकलाई रु. १ लाख ५० हजार पुरस्कार प्रदान गरिएको छ।

- नेपालले क्रिकेटको एक दिवसीय अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको छ। संयुक्त अरब इमिरेट्स विरुद्ध एक दिवसीय र टि-२० शृङ्खलामा नेपाल विजयी भएको छ। विजयी नेपाली क्रिकेट टोलीका खेलाडी, प्रशिक्षक, तथा अन्य सदस्यलाई जनही रु. ५ लाख पुरस्कार प्रदान गर्ने घोषणा गरिएको छ।

**खानेपानी तथा सरसफाइ**

- यस अवधिमा थप ३ लाख १४ हजार ८ सय ६६ जनसङ्ख्या आधारभूतस्तरको खानेपानी र थप ३ लाख ८७ हजार ५ सय ८२ जनसङ्ख्या उच्च तथा मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित भएका छन्।

- भूकम्पबाट क्षतिग्रस्त ३ सय ६० खानेपानी तथा सरसफाइ आयोजनाहरूको पुनर्निर्माण तथा पुनर्स्थापना कार्य सम्पन्न भई १ लाख ५२ हजार २ सय १४ जनसङ्ख्या लाभान्वित भएका छन्।

- यस अवधिमा ५ प्रतिशत घरधुरीमा आधारभूतस्तरको सरसफाइ सेवामा पहुँच वृद्धि भई समग्रमा ९९ प्रतिशत जनसङ्ख्या लाभान्वित भएका छन्। हालसम्म ५३ लाख ३० हजार ९ सय ११ घरधुरीमा शौचालयको पहुँच पुगेको छ।

- काठमाडौं उपत्यकाको फोहरमैलाको दिगो व्यवस्थापनका लागि नुवाकोटको बन्चरेडाँडामा स्यानिटरि ल्याण्डफिल साइट निर्माण कार्य सुरु भएको छ।

- मेलम्ची खानेपानी आयोजनाको २७ किलोमिटर सुरुङको ब्रेकथ्रु भइसकेको छ। ४ सय मिटर बाहेक फिनिसिङ्गको सम्पूर्ण काम सम्पन्न भएको छ। ठेकेदारको विवादले गर्दा पानी

पथान्तरण गर्ने कार्यमा देखिएको समस्या समाधानका लागि सरोकारवालासँग छलफल भइरहेको छ।

## १२. योजना र विकास

- नेपालको दीर्घकालीन सोच (वि.सं. २१००) को अवधारणापत्र स्वीकृत भई आधारपत्र तयारीको चरणमा रहेको छ।
- यसै महिना पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) को आधारपत्र प्रकाशन गर्ने गरी प्रारम्भिक मस्यौदा तयार गरिएको छ। उक्त मस्यौदामा प्रदेश र स्थानीय तहका पदाधिकारी तथा निजी क्षेत्रसँग पूर्वपरामर्श गरी सुझाव सङ्कलन गरिएको छ।
- दिगो विकास लक्ष्यहरूको आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति, २०१८ स्वीकृत भएको छ।
- नेपाल सरकारको मध्यमकालीन खर्च संरचना (आर्थिक वर्ष २०७५/७६-२०७७/७८) तर्जुमा गरी प्रकाशन गरिएको छ। प्रदेश र स्थानीय तहको योजना तर्जुमा नमुना दिग्दर्शन र प्रदेशको अनुगमन तथा मूल्याङ्कन नमुना दिग्दर्शन तयार गरिएको छ।
- आयोजना व्यवस्थापनमा सुधार गर्नका लागि राष्ट्रिय आयोजना बैङ्कसम्बन्धी विद्युतीय प्रणाली र मापदण्ड तयार भएको छ।
- राष्ट्रिय तथ्याङ्क प्रणाली विकास रणनीति नेपाल सरकारबाट स्वीकृत भएको छ। नेपालभित्रको भूगोल, प्रकृति, स्रोत साधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरणका सूचक तयार गरी विद्युतीय प्रणालीको विकास गरिएको छ।
- नेपालको पहिलो आर्थिक गणना २०७५ साल वैशाख १ गते सुरु भई असार मसान्तमा गणना सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन सार्वजनिक भएको छ। रोजगारी, बेरोजगारी, अर्धबेरोजगारीका तथ्याङ्क तथा सूचकहरू प्राप्त हुने गरी आर्थिक वर्ष २०७४/७५ मा नेपाल श्रमशक्ति सर्वेक्षण कार्य सम्पन्न भई नतिजा सार्वजनिकीकरणको क्रममा रहेको छ।

# अनुसूची

**क. सङ्घीय संसदबाट पारित भएका कानुनहरू (२५)**

१. राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५
२. सङ्घीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाका शर्त र सुविधासम्बन्धी ऐन, २०७५
३. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग (पहिलो संशोधन) ऐन, २०७५
४. आर्थिक ऐन, २०७५
५. विनियोजन ऐन, २०७५
६. राष्ट्र ऋण उठाउने ऐन,२०७५
७. ऋण तथा जमानत (बाइसौं संशोधन) ऐन, २०७५
८. सार्वजनिक सुरक्षा (तेस्रो संशोधन) ऐन, २०७५
९. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५
१०. उपभोक्ता संरक्षण ऐन, २०७५
११. जनस्वास्थ्य सेवा ऐन, २०७५
१२. आवासको अधिकारसम्बन्धी ऐन, २०७५
१३. खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५
१४. वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५
१५. भूमि सम्बन्धी (सातौं संशोधन) ऐन, २०७५
१६. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५
१७. रोजगारीको हकसम्बन्धी ऐन, २०७५
१८. जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) (पहिलो संशोधन) ऐन, २०७५
१९. सामाजिक सुरक्षा ऐन, २०७५
२०. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५
२१. वातावरण संरक्षण (पहिलो संशोधन) ऐन, २०७५
२२. अपराध पीडित संरक्षण ऐन, २०७५
२३. बालबालिकासम्बन्धी ऐन, २०७५
२४. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको ऐन, २०७५
२५. राष्ट्रिय चिकित्सा शिक्षा विधेयक,२०७५

**ख. जारी भएका अध्यादेशहरू (५)**

१. राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश, २०७५
२. राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश,२०७५
३. बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (पहिलो संशोधन) अध्यादेश, २०७५
४. सङ्घीय संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाका शर्त र सुविधासम्बन्धी अध्यादेश, २०७५
५. कर्मचारी समायोजन अध्यादेश, २०७५

**ग. जारी भएका नियमहरू (४७)**

१. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४
२. सैनिक प्राड सेवा नियमावली, २०७४
३. सैनिक हवाई सेवा नियमावली, २०७४
४. सैनिक विविध सेवा नियमावली, २०७४
५. सवारी तथा यातायात व्यवस्था (आठौं संशोधन) नियमावली, २०७४
६. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी नियमावली, २०७४
७. कर्मचारी समायोजन नियमावली, २०७४
८. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७४
९. नेपाल सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०७४
१०. राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचनसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७४
११. आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७५
१२. मूल्य अभिवृद्धि कर (बीसौं संशोधन) नियमावली, २०७५
१३. अन्तःशुल्क (अठारौं संशोधन) नियमावली, २०७५
१४. आयकर (आठौं संशोधन) नियमावली, २०७५
१५. भन्सार (नवौं संशोधन) नियमावली, २०७५
१६. प्रतिनिधि सभा नियमावली, २०७५
१७. राष्ट्रिय सभा नियमावली, २०७५
१८. श्रम नियमावली, २०७५
१९. सङ्घीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५
२०. प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) नियमावली, २०७५
२१. सैनिक सेवा (पहिलो संशोधन) नियमावली, २०७५
२२. कर्जा सुरक्षण नियमावली, २०७५
२३. निक्षेप सुरक्षण नियमावली, २०७५
२४. निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको छनौट, सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधासम्बन्धी नियमावली, २०७५

२५. खोप नियमावली, २०७५
२६. मुलुकी देवानी कार्यविधि नियमावली, २०७५
२७. मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५
२८. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्बन्धी नियमावली, २०७५
२९. जिल्ला अदालत नियमावली, २०७५
३०. उच्च अदालत (पहिलो संशोधन) नियमावली, २०७५
३१. फौजदारी कसूरको अनुसन्धानसम्बन्धी नियमावली, २०७५
३२. विद्युत नियमन आयोग नियमावली, २०७५
३३. मालपोत (सातौं संशोधन) नियमावली, २०७५
३४. बोनस (चौथो संशोधन) नियमावली, २०७५
३५. संवैधानिक परिषद् (कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०७५
३६. जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) (दोस्रो संशोधन) नियमावली, २०७५
३७. प्रहरी (पाँचौं संशोधन) नियमावली, २०७५
३८. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५
३९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (चौथो संशोधन) नियमावली, २०७५
४०. दूरसञ्चार (सातौं संशोधन) नियमावली, २०७५
४१. अवैतनिक वाणिज्यदूतसम्बन्धी (पाँचौं संशोधन) नियमावली, २०७५
४२. योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
४३. मानव अधिकार पुरस्कार कोष सञ्चालन नियमावली, २०७५
४४. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०७५
४५. तुइन दुर्घटनाबाट प्रभावित व्यक्तिको उद्धार तथा सहायता कोष सञ्चालन नियमावली, २०७५
४६. प्रहरी (छैटौं संशोधन) नियमावली, २०७५
४७. दूरसञ्चार (आठौं संशोधन) नियमावली, २०७५

**घ. जारी भएका गठन आदेशहरू (७)**

१. राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४
२. व्यापार तथा निकासी प्रबर्द्धन विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७३
३. मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (गठन) आदेश, २०७४
४. राष्ट्रिय योजना आयोग (गठन तथा कार्य सञ्चालन) (पहिलो संशोधन) आदेश, २०७५
५. व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति (गठन) (दोस्रो संशोधन) आदेश, २०७५

६. वैकल्पिक ऊर्जा विकास समिति (गठन) (सातौं संशोधन) आदेश, २०७५
७. नीति अनुसन्धान प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०७५

**ङ. सङ्घीय संसद सचिवालयमा दर्ता भएका विधेयकहरू (२३)**

१. लेखापरीक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२. बिमा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
३. निवृत्तभरण कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
४. भुक्तानी तथा फछ्र्यौट सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
५. राहदानीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
६. नागरिकता ऐनलाई संशोधन गर्न बनेको विधेयक
७. सङ्कटापन्न वन्यजन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐनलाई संशोधन गर्ने विधेयक
८. प्रशासकीय अदालतसम्बन्धी विधेयक
९. मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक
१०. जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
११. पारमाणविक ऊर्जा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
१२. केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक
१३. संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक
१४. लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
१५. प्रदेश लोकसेवा आयोगको गठन, काम कर्तव्य र अधिकारसम्बन्धी आधार र मापदण्ड निर्धारण गर्न बनेको विधेयक
१६. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरणको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
१७. विज्ञापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
१८. नागरिक लगानी कोष (दोस्रो संशोधन) विधेयक
१९. भूउपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२०. विशेष आर्थिक क्षेत्र (पहिलो संशोधन) विधेयक
२१. नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरीवेक्षण र समन्वय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२२. शान्ति र सुरक्षा कायम गर्ने सम्बन्धमा व्यवस्था गर्न बनको विधेयक
२३. सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरूको व्यवस्था गर्न बनेको विधेयक

**च. हाल मस्यौदा भइरहेका विधेयकहरू (२४)**

१. सामाजिक व्यवहार सुधार सम्बन्धी विधेयक
२. यातना दिने तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
३. राष्ट्रिय युवा परिषद् (पहिलो संशोधन) विधेयक
४. ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक
५. सेफगार्ड, एण्टी डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
६. प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
७. आन्तरिक शान्ति र सुव्यवस्थासम्बन्धी विधेयक
८. खेलकूद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
९. राष्ट्रिय मानब अधिकार आयोग (पहिलो संशोधन) विधेयक
१०. विदेशी विनिमय व्यवस्थापन विधेयक
११. विपद् जोखिम न्यूनीकरण व्यवस्थापन (पहिलो संशोधन) विधेयक
१२. सूचना प्रविधिसम्बन्धी विधेयक
१३. शिक्षा सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक
१४. सङ्घीय आर्थिक कार्यविधि तथा वित्तीय व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
१५. औधोगिक व्यवसायी विकास प्रतिष्ठान ऐन, २०५३ लाई संशोधन गर्न बनेको विधेयक
१६. नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयक
१७. विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक
१८. राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
१९. भूमि सम्बन्धी ऐन, २०२१ लाई संशोधन गर्न बनेको विधेयक
२०. कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२१. नेपाल पर्यटन अध्ययन प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२२. राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना द्रुततर निर्माण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२३. सार्वजनिक निजी साझेदारी तथा लगानी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२४. बिउ बीजन ऐन, २०४५ लाई संशोधन गर्न बनेको विधेयक

छ. **नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएका निर्देशिका/मार्गदर्शन/आदेश/कार्यदिश/कार्यविधि/अवधारणापत्र (३२)**

१. वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
२. वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५
३. वैदेशिक रोजगारमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षासम्बन्धी निर्देशिका, २०७५
४. एम्बुलेन्स सेवा सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७५
५. राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५
६. भू-सूचना प्रणाली सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७५
७. राष्ट्रिय शिक्षा दिवसमा प्रदान गरिने पदक तथा छात्रवृत्तिसम्बन्धी निर्देशिका
८. सरकारी निकायमा विद्युतीय पत्राचार (ईमेल) व्यवस्थापन निर्देशिका, २०७५
९. स्थानीय तहका पदाधिकारीहरूको विदेश भ्रमणसम्बन्धी निर्देशिका, २०७५
१०. स्थानीय तहका कर्मचारीको विदेश भ्रमणसम्बन्धी निर्देशिका, २०७५ (परिमार्जनसहित)
११. गाउँपालिका तथा नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५
१२. राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ (संशोधनसहित)
१३. सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्नेसम्बन्धी नीतिगत मार्गदर्शन, २०७५
१४. वार्षिक विकास कार्यक्रम तथा बजेट (मध्यकालीन खर्च संरचनासमेत) तर्जुमासम्बन्धी मार्गदर्शन, २०७४ मा (संशोधन)
१५. मिति २०७५ पुस ३ गते बसेको अन्तर प्रदेश परिषद्को बैठकबाट स्वीकृत सङ्घीयता कार्यान्वयन सहजीकरण कार्ययोजना कार्यान्वयन गर्ने
१६. काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७५
१७. उखु उत्पादन गर्ने कृषकलाई प्रति क्विण्टल ६० रुपैयाँ अनुदान रकम उपलब्ध गराउने र उखु कृषकलाई अनुदान दिनेसम्बन्धी कार्यविधि, २०७५
१८. एकल खाता कोष प्रणालीको सिद्धान्तबमोजिम प्रदेश सरकारको बजेट निकासासम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको प्रदेश सरकारको निकासासम्बन्धी कार्यविधि, २०७५
१९. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५
२०. उखु कृषकलाई अनुदान दिनेसम्बन्धी कार्यविधि, २०७५ (संशोधनसहित)
२१. नेपालका निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय हवाई सेवा सञ्चालनका लागि इजाजत प्रदान गर्नेसम्बन्धी कार्यविधि, २०७५

२२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ९ को उपदफा (२) को व्यवस्था हाललाई कार्यान्वयन नगरी सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि (संशोधन सहित), २०७२ को दफा ८ को व्यवस्थालाई निरन्तरता दिने।

२३. समपुरक अनुदानसम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७५ (संशोधन सहित)

२४. सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५

२५. जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकाससम्बन्धी कार्यविधि, २०७५

२६. जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

२७. राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि,२०७५

२८. स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि, २०७५

२९. स्थानीय तहले खरिद गर्ने एम्बुलेन्समा राजस्व छुटसम्बन्धी मापदण्ड, २०७५

३०. गाउँपालिका, नगरपालिका तथा वडाको केन्द्र निर्धारणसम्बन्धी मापदण्ड, २०७५

३१. सार्वजनिक यातायात व्यवस्थापनसम्बन्धी अवधारणापत्र

३२. साक्षर नेपाल वर्ष, २०७६ को अवधारणापत्र

**ज. प्रदेशमा पठाइएका नमुना कानुनका मस्यौदा** (१७)

१. प्रदेशका सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२. गाँउ सभा र नगर सभाको कानुन निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

३. प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक

४. प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

५. मुख्य मन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

६. प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

७. प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

८. मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

९. प्रदेशको अन्तरिम सार्वजनिक खरिद कार्यविधि

१०. गाउँसभा र नगरसभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

११. प्रदेश सहकारी विधेयक

१२. आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

१३. जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभासम्बन्धी प्रदेश कानुन
१४. प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक
१५. प्रदेशको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
१६. प्रदेश वित्त व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
१७. प्रदेश सभाको अन्तरिम कार्यविधि र नियमावली

**झ. स्थानीय तहमा पठाइएका कानुन/कार्यविधि/दिग्दर्शन/मापदण्ड र रणनीतिका नमुना मस्यौदाहरू (१७)**

१. न्यायिक समितिको कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
३. गाउँ/नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४
४. तुइन दुर्घटनाबाट प्रभावित व्यक्तिहरूको उद्धार तथा सहायता कोष सञ्चालन नियमावली, २०७५
५. न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको नमुना विधेयक, २०७४
६. गाउँपालिका तथा नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको नमुना विधेयक, २०७४
७. 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि, २०७४
८. स्थानीय ऊर्जा विकास निर्देशिका, २०७५
९. स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७४
१०. गाउँ/नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्नेसम्बन्धी कार्यविधि, २०७४
११. गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारणसम्बन्धी मापदण्ड, २०७५
१२. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
१३. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी नमुना कार्यविधि, २०७४
१४. आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालन नमुना कार्यविधि, २०७५
१५. विपद व्यवस्थापन कोष सञ्चालन नमुना कार्यविधि, २०७५
१६. स्थानीय राजपत्रको नमुना
१७. उत्थानशील स्थानीय समुदायका लागि नमुना रणनीति, २०७५